सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ जेठ २०८१, शुक्रबार (17 May 2024, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ३५ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

चार दिनमा सात करोडको कोकिन बरामद

चार करोडको कोकिन पेटभित्र राखेर इथियोपियाबाट नेपालसम्मको यात्रा

(विस्तृत पृष्ठ ४)

अन्न भण्डार मधेशमा प्रतिबन्धित धानको बिउ बिक्री

किरा लाग्ने, जमिनको उर्वरा शक्तिमा ह्रास आउने र नयाँ रोगको प्रकोप बढ्ने प्रतिबन्धित बिउ किसानको खेतमा

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव **डा. शरणकुमार पाण्डे** भन्छन्-

प्रतिबन्धित बिउ बिक्री गर्नेको लाइसेन्स खारेज हुन्छ

(विस्तृत पृष्ठ ७)

कर्नर किक

● रवि मिश्र

सदनमा धकेलाधकेल

राजनीतिक मुद्दाबाट भड्किएर सत्तापक्ष र प्रतिपक्ष मुठभेडतिर अग्रसर हुँदा संसद्मा विचाराधीन नीति तथा कार्यक्रममाथिको छलफल प्रभावित, सदन खुलाउन छलफल गरिरहेका दलहरू अडानतिरै फर्किए, सहमति नभए बजेटमा पनि असर पर्न सक्ने

कमलराज भट्ट/नयाँ पत्रिका

सहकारी अपचलनमा संसदीय छानबिन समिति गठनको विषय राजनीतिक मुद्दाबाट भड्किएर सदनमै धकेलाधकेल र हात हालाहालमा पुगेको छ। तनावको स्थिति निर्माणमा सत्तापक्ष र प्रतिपक्षले एक-अर्कालाई दोषी देखाएका छन्। नीति तथा कार्यक्रममाथिको छलफल सकेर पास गर्नुपर्ने तथा बजेटको तयारीमा लाग्ने वेला सदनमा टकराव बढेको छ। यसले सरकारमाथि दबाब बढेको छ।

७ जेठमा प्रधानमन्त्रीले विश्वासको मत लिने

सहकारी अपचलनमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको संलग्नता दाबी गर्दै प्रमुख प्रतिपक्षी कांग्रेसले फागुन तेस्रो सातादेखि उठाएको संसदीय छानबिन समिति गठनको विषय पेचिलो बन्दै गएको छ। र, बिहीबारको घटनाले अविश्वास बढाएपछि सहमतिका लागि छलफल गरिरहेका दलहरू अडानतिर फर्केका छन्। सत्तापक्षले अब संसदीय समिति गठन नहुने घोषणा गरेको छ। कांग्रेसले वार्ता नहुने, सरकार निसर्त समिति गठन गरेर नआए सदनको कामकारबाही अगाडि नबढ्ने चेतावनी दिएको छ।

बिहीबारको प्रतिनिधिसभा बैठकमा सत्ता र प्रतिपक्षी सांसद मर्यादा बिर्सिएर भनाभन र धकेलाधकेलमा उत्रिए। एमाले अध्यक्ष केपी ओली र कांग्रेस उपसभापति धनराज गुरुङ तनावमा अग्रपंक्तिमा देखिए। यसले संसदीय छानबिन समिति गठनमा सहमतिनजिक पुगेको परिस्थिति अचानक तिक्ततातर्फ धकेलिएको छ।

२८ वैशाखदेखि प्रारम्भ बजेट अधिवेशनको पहिलो दिन नै बैठक अवरुद्ध गरेको कांग्रेसले १ जेठको संयुक्त बैठकमा राष्ट्रपतिलाई नीति तथा कार्यक्रम प्रस्तुत गर्न दिएको थियो। तर, नीति तथा कार्यक्रम टेबुल र राष्ट्रपतिलाई धन्यवाद

» पृष्ठ ९ मा क्रमशः

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

संसद्मा कांग्रेस र एमाले सांसदबीच भएको धकेलाधकेल। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

ओलीमाथि अभद्र व्यवहार

सत्तापक्ष र प्रतिपक्षबीच सदनमा भनाभन हुँदा एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी ओलीमाथि अभद्र व्यवहार भएको छ। सत्तापक्षको बेन्चमै आएर कांग्रेस उपसभापति धनराज गुरुङले उनीमाथि औँला ठड्याउँदै मर्यादाविपरीत आचरण देखाएका छन्। नाराबाजी गर्ने क्रममा गुरुङ उपसभामुख बस्ने सिटमै अढेस लाएर उभिएपछि पछाडि बसेकी सञ्चारमन्त्री रेखा शर्माले 'यो उपसभामुखको ठाउँ हो, किन पस्नुभएको हो' भनेकी थिइन्। तर, गुरुङले वास्तै गरेनन्। त्यसपछि छेउकै सत्तापक्षको पहिलो सिटमा बसेका एमाले अध्यक्ष केपी ओलीले उठेर गुरुङसँग भने, 'यहाँ किन पस्नुभएको, तपाईं यता पस्नुभएन। यो पस्ने ठाउँ होइन। यतातिर होइन उतातिर (सभामुख आसनको अगाडि) गर्नू।' त्यसपछि गुरुङ थप आक्रामक बने। ओलीलाई औँला ठड्याउँदै प्रतिवाद गरे। वेलमा रहेका कांग्रेसका महिला सांसद पनि दौडिँदै त्यहीँ आएर नाराबाजी गरे। एमाले सांसद महेश बर्तौला, ठाकुर गैरेलगायतले ओलीको प्रतिरक्षा गरेका थिए। दुवै पक्षबीच केहीबेर धकेलाधकेल भयो। 'हाम्रो अध्यक्षले नम्रतापूर्वक तपाईंहरू वेलतिरै गएर विरोध गर्नुस्, यो विरोध गर्ने ठाउँ होइन भन्नुभो। तर, उल्टै अध्यक्षमाथि अपशब्द प्रयोग गर्ने, दुर्व्यवहार गर्ने, झम्टने प्रयास भयो। त्यो संसदीय मर्यादा र लोकतान्त्रिक चरित्रविपरीतको अशोभनीय गतिविधि हो,' सांसद गैरेले भने। गुरुङले भने आफूले मर्यादाविपरीत गतिविधि नगरेको, बरु एमालेसहितका सत्तापक्षका सांसदहरूले घटनालाई अतिरञ्जित गरेको दाबी गरे।

अब छानबिन समिति बने मात्रै सदन चल्छ : कांग्रेस

कांग्रेसले संसदीय छानबिन समिति नबनेसम्म अब सदन सञ्चालन नहुने बताएको छ। महामन्त्री गगन थापाले बिहीबार पत्रकार सम्मेलन गर्दै भने, 'यो विषयका सन्दर्भमा अब अरू कुरै छैन। सहकारी ठगीमा संलग्नलाई कारबाही गर्ने वा जोगाउने पक्षमा उभिने ? दलहरूले सोच्ने वेला भएको छ। सदनमा मुठभेड गर्ने कांग्रेसको चाहना र प्राथमिकता होइन। हामीले स्पष्ट भनेका छौँ- छानबिन समिति बन्छ भने संसद्को काम अगाडि बढ्छ, नत्र सदनका कुनै पनि काम अगाडि बढ्न सक्दैनन्। प्रधानमन्त्रीदेखि कसैले सदनमा बोल्न पाउँदैनन्। संसदीय समिति नबनेसम्म हामीलाई कुनै पनि कुरा स्वीकार्य छैन।' महामन्त्री थापाले सभामुख देवराज घिमिरेको भूमिकामाथि पनि प्रश्न उठाए। सभामुखकै कारण सदनमा बिहीबार तनाव भएको उनको आरोप छ। 'सभामुख जिम्मेवारीमा चुक्नुभएको छ। सदनमा सत्तापक्ष र प्रतिपक्षको कतिपय कुरा मिल्दैन, तर सभामुख दलीय आबद्धताबाट बाहिर हुनुपर्छ। उहाँ पुरानो दलको आबद्धताबाट बाहिर आउन सक्नुभएन। बिहीबार सत्तारूढ तीन दलका शीर्ष नेतासँगको छलफलपछि त्यही आधारमा सदन चलाउनुभयो। जसले सदनमा जबर्जस्ती गरेर अनपेक्षित अवस्था निम्तियो,' उनले भने। कांग्रेस लचक भइरहेको अवस्थामा विशेष गरी एमाले अध्यक्ष परिस्थिति बिगार्न लागिपरेको उनको आरोप छ।



महामन्त्री थापा

रास्वपा भन्छ- कांग्रेसको मात्रै सर्त मानेर अब छानबिन समिति बन्दैन

राष्ट्रिय स्वतन्त्र पार्टीले भने कांग्रेसले सत्ताबाट बाहिरिनुपरेको कुण्ठा प्रदर्शन गरिरहेको बताएको छ। कांग्रेस नेताहरूले फरकफरक प्रस्ताव ल्याएर बन्दै गरेको सहमति बिथोलेर सदनमा अराजकता प्रदर्शन गरेको सहप्रवक्ता मनीष झाले बताए। अब संसदीय छानबिन समिति नबन्ने उनको भनाइ छ। 'राजनीतिक कुण्ठा, आफूले नपाएको पद अरूले पायो भन्ने रिसका रूपमा छानबिन समिति माग नगरौँ। समस्याग्रस्त नागरिकका लागि हामी उदार छौँ। सबैलाई समेट्ने गरी समिति बनाऔँ भनेका हौँ,' उनले भने, 'तर, उहाँहरूले एकपछि अर्को सर्त ल्याउनुभो। पाँच नेता पाँच गेटबाट छिरेर फरक-फरक अवधारणा लिएर आउनुहुन्छ। उनीहरूको मात्रै सर्त मानेर अब समिति बन्दैन। हामीले हाम्रो सभापतिको सबै छानबिन गर, तयार छौँ भनेका छौँ। केही खोट निस्किए हामी राजनीति नै छाड्दिन्छौँ। तर, के कांग्रेसका सबै सांसद यो हिम्मत राख्न सक्छन् ?'

सहप्रवक्ता झा

पेन्सन र सामाजिक सुरक्षा भत्ता लिन अब राष्ट्रिय परिचयपत्र अनिवार्य

नयाँ पत्रिका

आगामी आर्थिक वर्षदेखि पेन्सन र सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य हुने भएको छ। सरकारी सेवा प्रणालीलाई चुस्त बनाउन भन्दै 'मास्टरकार्ड'का रूपमा अघि बढाइएको राष्ट्रिय परिचयपत्रको प्रयोग बढाउने क्रममा दुई सेवामा यसको अनिवार्यता गर्न लागिएको हो।

■ **बैंक खाता खोल्न पनि राष्ट्रिय परिचयपत्र अनिवार्य**

यससम्बन्धी कानुन संशोधन गरी सरकारले कार्यान्वयनको प्रक्रिया अघि बढाइसकेको छ। यसले पेन्सन वितरणमा रहेको दोहोरोपनलगायतको समस्या हल हुने राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले जनाएको छ।

» पृष्ठ ९ मा क्रमशः

परिचयपत्रमै लाइसेन्सको विवरण, मोबाइल एपबाटै ट्राफिक प्रहरीले जाँच गर्ने

सवारीचालक अनुमतिपत्रको विवरण अब राष्ट्रिय परिचयपत्रमै राखिने भएको छ। यसका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र यातायात व्यवस्था विभागले सम्झौता गरेका छन्। गत ३१ वैशाखमा बसेको दुई निकायका महानिर्देशक नेतृत्वको छलफलले सेवा अन्तरआबद्धतासम्बन्धी समझदारी गरेको हो। जसअनुसार सवारीचालक परिचयपत्रको कामसमेत राष्ट्रिय परिचयपत्रले नै गर्नेछ। समझदारीमा भनिएको छ, 'यातायात व्यवस्था विभागले राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नेपाली नागरिकको हकमा सो नम्बरबाट र परिचयपत्रसमेत प्राप्त गरिसकेका नेपाली नागरिकको हकमा परिचयपत्रमा रहेको क्युआर कोडलाई स्क्यान गरी यातायात व्यवस्था विभागको सूचना प्रणालीमा ड्राइभिङ लाइसेन्सको विवरण नेपाल प्रहरीले रुजु गर्ने गरी मोबाइल एप निर्माण गर्ने।' हाल यातायात व्यवस्था विभागले करिब १६ लाख सर्वसाधारणको लाइसेन्स छाप्न बाँकी छ। अर्कोतर्फ करिब २७ लाख परिचयपत्र भने छापिएर पनि सर्वसाधारण लिन नजाँदा सरकारी कार्यालयमै थन्किएका छन्। परिचयपत्रमै लाइसेन्सको विवरण राखेर दिन सकेमा सर्वसाधारणलाई पनि सहज हुने र सरकारको ठूलो खर्च पनि जोगिने अवस्था छ।

तराईमा फेरि चल्न थाल्यो तातो हावा



" तराईमा ६ जेठसम्म तातो हावाको लहर चल्ने देखिन्छ

● **शान्ति कँडेल**, मौसमविद्

यम बम/नयाँ पत्रिका

तराईमा फेरि तातो हावा चल्न थालेको छ। वर्षाका कारण डेढ साता तापक्रम घट्दा जनजीवन सहज भएकोमा पश्चिम तराईमा दुई दिनदेखि फेरि तापक्रम उच्च वृद्धि भई तातो हावाको लहरसमेत चल्न थालेको हो।

भैरहवा, नेपालगन्ज र धनगढी क्षेत्रको अधिकतम तापक्रम ४० डिग्री

» पृष्ठ ९ मा क्रमशः

हार्दिक आभार

यहाँहरुको साथ, सहयोग र विश्वासले आज हामी GLOBAL FINANCE MAGAZINE को BEST BANK AWARD 2024 बाट नेपालको सर्वोत्कृष्ट बैंकको रुपमा सम्मानित भएका छौं ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक

GLOBAL CONNECT Call Us: +977-1-5970600 globalconnect@gibl.com.np

अन्यायमा बालविकासका शिक्षक : पढाउन कठिन, तलब थोरै

मासिक १५ हजारभन्दा पनि कम तलब, थोरै तलबका कारण शिक्षकहरूले जागिर छाड्ने क्रम बढ्दो, छैन अन्य सुविधा

● **कृष्णाकुमारी थापा मगर**, अध्यक्ष, नेपाल बालविकास शिक्षक केन्द्रीय संघर्ष समिति

बालविकास भनेको सिकाइका हिसाबले जग हो, यस तहमा राम्रो सिकाइ भएन भने बालबालिकाको शैक्षिक वृत्ति विकासमा समस्या हुन्छ। तर, हामी अन्यायमा छौं। सरकारले हाम्रो माग सुनेको छैन।

● **दीपक शर्मा**, महानिर्देशक, शिक्षा तथा मानवस्रोत विकास केन्द्र

बालविकासका शिक्षकको तलब बढाउने सम्बन्धमा टिप्पणी उठाएर बजेट माग गरेर अर्थ मन्त्रालयमा पठाएका छौं। कम्तीमा उनीहरूको तलब श्रम ऐनअनुसार होस् भन्ने गरी तलब माग गरेका छौं। तल्लो तहका शिक्षकहरू मारमा परेको हामीले बुझेका छौं।

शिवहरि घिमिरे/नयाँ पत्रिका

बालविकास (इडिसी) तहलाई बालबालिकाको सिकाइको जग मानिन्छ। भर्खर सिकाइ सुरु गरेका कलिला बालबालिकालाई अक्षर चिनाउन, बोल्न सिकाउन सहज पक्कै हुँदैन। मिहिनेत धेरै गर्नुपर्ने, समय धेरै खर्चनुपर्ने यही तहमा पढाउने शिक्षक-शिक्षिकाको तलब सुविधा भने निकै कम छ।

एकातर्फ शिक्षक-शिक्षिकालाई पुग्दो तलब सुविधा नदिने र अर्कोतर्फ सरकारले तल्लो तहमा बजेट कम दिँदा सामुदायिक विद्यालयलाई बालविकास तह सञ्चालन गर्न निकै कठिन हुने गरेको छ। देशभरका सामुदायिक विद्यालयका बालविकास तहमा ३६ हजार पाँच सय ९३ जना बालविकास शिक्षक छन्। त्यसमा १० प्रतिशत पुरुष र बाँकी ९० प्रतिशत महिला छन्। यस तहमा नौ लाख हाराहारी विद्यार्थी अध्ययनरत छन्। अन्याय र विभेद खेपिरहेको भन्दै बालविकास तहका शिक्षकहरूले तलब वृद्धिको माग गर्दै एक वर्षअघि काठमाडौंको माइतीघर क्षेत्रमा आन्दोलन गरेका थिए। उनीहरूको मागप्रति सरकार लचिलो बनेको थियो। तर, उक्त माग अहिलेसम्म पूरा भएको भने छैन।

सरकारले जायज मागसमेत पूरा नगर्दा तल्ला तहमा शिक्षण सिकाइ कठिन भइरहेको नेपाल बालविकास शिक्षक केन्द्रीय संघर्ष समितिका अध्यक्ष कृष्णाकुमारी थापामगरले बताइन्। बालविकास तहमा अध्ययन गराउँदै आएकी उनले यस तहलाई विद्यालयको संरचनाभित्र नराखिएको र अन्याय गरिएको बताइन्। कतिपय विद्यालयमा त थोरै तलबका कारण शिक्षकहरूले जागिर छाड्ने क्रम बढेको, पढाउने शिक्षक नपाउने अवस्था रहेको उनको भनाइ छ।

■ कति छ बालविकास तहका शिक्षकको तलब ?

उनका अनुसार यस तहको शिक्षण सिकाइ विधि माथिल्लो तहमा भन्दा कठिन हुन्छ। विद्यार्थीको चौतर्फी ख्याल गर्नुपर्ने हुन्छ। बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म खटिनुपर्छ। तर, तलब भने १५ हजारभन्दा पनि कम छ। कतिपय स्थानीय तहले त १२ हजार तलब दिनसमेत आनाकानी गरेको अध्यक्ष थापामगरले जानकारी दिइन्।

बालविकास तहमा अध्यापन गराउने शिक्षकले केन्द्र सरकारबाट १० हजार र स्थानीयबाट पाँच हजार गरी मासिक १५ हजार तलब पाउँछन्। तर, कतिपय स्थानीय तहले केन्द्र सरकारले दिएको १० हजार मात्रै दिएर उनीहरूमाथि अन्याय गरिरहेको शिक्षकहरूको गुनासो छ। थोरै तलब, त्यसमा पनि स्थानीय तह र केन्द्र दुई ठाउँमा हात थाप्नुपर्ने अवस्थाले आजित भएको अध्यक्ष थापामगरको भनाइ छ। त्यसो त तलब सुविधा कम भएकै कारण तल्लो तहमा शिक्षण सिकाइ प्रभावकारी नभएको गुनासो पनि अभिभावकबाट आइरहेको छ। सामुदायिक विद्यालयमा माथिल्लो तहमा भर्ना हुन आउने विद्यार्थी संख्या बढिरहे पनि बालविकासमा भर्नादर कम छ। यो दर बढाउन सरकारले लगानी बढाउनुपर्ने शिक्षकहरू बताउँछन्। बालविकास तहका शिक्षकमाथि अत्याचार भएको भन्दै डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी विद्यार्थी युनियनका अध्यक्ष नेत्र चापागाईंले बुधबार माइतीघरमा दिनभरि उभिएर एकल आन्दोलन गरेका छन्। उनले बालविकासका शिक्षकका मागका सम्बन्धमा सरकारले चासो नदिएको भन्दै प्रदर्शन गरेका थिए। शिक्षाको जग नै बालविकास तह भएको, तर यस तहमा अध्ययन गराउने शिक्षक अन्यायमा परिरहेको उनको भनाइ छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति : २०८१/०२/०४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ।**

तपसिल

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
संगिता श्रेष्ठ ना.प्र.नं.- २२-०१-७२-०४६११, जारी मिति - २०७२-१०-१३, जि.प्र.का. दोलखा बाबु - पदम कुमार श्रेष्ठ ससुरा- मान बहादुर श्रेष्ठ स्थायी ठेगाना- दोलखा जिल्ला, लाकुरी डाँडा वडा नं. ०४ हालको ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १३	१. ऋणी **संगिता श्रेष्ठ** तथा निज प्रोप्राईटर रहेको **हिमालयन यति कृषि तथा पशुपालन फार्म**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनी बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।
व्यक्तिगत जमानीकर्ताहरुको विवरण	
१. **कृष्ण कुमारी श्रेष्ठ** ना.प्र.नं.- २२७८/३०२५ जारी मिति - २०४१/१२/१४, जि.प्र.का. दोलखा बाबु - रत्न बहादुर श्रेष्ठ ससुरा - काजिमान श्रेष्ठ स्थायी ठेगाना- दोलखा जिल्ला, लाकुरी डाँडा वडा नं. ०७ हालको ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १३	२. **टंक बहादुर श्रेष्ठ** ना.प्र.नं.- ५७३७/३३१, जारी मिति - २०५३/०४/३०, जि.प्र.का. दोलखा बाबु- मान बहादुर श्रेष्ठ बाजे- काजिमान श्रेष्ठ स्थायी ठेगाना- दोलखा जिल्ला, लाकुरी डाँडा वडा नं. ०४ हालको ठेगाना-काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १३

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौ फोन नं. ०१-४७८५२११

नबिल बैंक लिमिटेड, इलाम शाखा, इलामको, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०२/०४)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै बास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्वन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अत: यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

धनश्वोर बेघाको नाती, मान बहादुर बेघाको छोरा, झापा जिल्ला, सतासीधाम गा.वि.सं. वडा नं. ०७ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, रोङ्ग गा.वि.सं. वडा नं. ०४ बस्ने, नागरिकता ना.प्र.न ८५२४३११९ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: झापा, (मिति : बि.सं. २०५६/१०/०५), भएको **सर्न बहादुर बेघा।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

१. धन बहादुर राईकी छोरी, मान बहादुर बेघाकी बुहारी, सर्न बहादुर बेघाकी श्रीमती, मोरङ्ग जिल्ला, टाडी गा.वि.सं. वडा नं. ०४ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, रोङ्ग गा.वि.सं. वडा नं. ०४ बस्ने, ना.प्र.नं. ०५३०१७/११३३ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग, (जारी मिति: २०६३/११/१२), भएकी **कियात राई।**
२. मोति लाल धिमालकी नातिनी, प्रेम बहादुर धिमालकी छोरी, झापा जिल्ला, दमक गा.वि.सं. वडा नं. १४ बस्ने, ना.प्र.नं. ०४२०४४/८८९९ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. झापा, (जारी मिति: २०६९/१२/१२ , भएकी **सबिना धिमाल।**
३. हर्क जंग लिम्बुको नाती, बृख बहादुर लिम्बुको छोरा, ताप्लेजुङ्ग जिल्ला, फाकुम्बा गा.वि.सं. वडा नं. ०६ स्थायी ठेगाना भई हाल झापा जिल्ला, बुद्धशान्ति गा.वि.सं. वडा नं. ०४ बस्ने, नागरिकता ना.प्र.न ४४३४५/३००५ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ताप्लेजुङ्ग, (मिति : बि.सं. २०५७/०५/१५), भएको **बुधहाङ्ग लिम्बु।**

धितोको विवरण

झापा जिल्ला, सतासीधाम गा.वि.सं. वडा नं. ०७ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, रोङ्ग गा.वि.सं. वडा नं. ०४ बस्ने, **सर्न बहादुर बेघा** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको इलाम जिल्ला, इरौटार गा.वि.सं. वडा नं. ०३ नक्सा सिट नं ३क मा अवस्थित कि.नं. १४२ क्षेत्रफल १५-२-३-० रोपनी घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

महानगरले हाँडीगाउँमा तीन करोडको स्पोर्ट्स् पार्क बनाउँदै

काठमाडौं/ काठमाडौं महानगरपालिका-५ ले युवा र बालबालिकालाई लक्षित गर्दै स्पोर्ट्स् पार्क निर्माण गर्ने भएको छ। वडाले हाँडीगाउँ पहैंलो पुलस्थित सार्वजनिक जग्गामा पार्क बनाउन लागेको हो।

वडाध्यक्ष वीरेन्द्र प्रजापतिका अनुसार जेठ अन्त्यबाट पार्क निर्माण सुरु हुनेछ भने यही वर्षभित्रै सञ्चालनमा आउनेछ। 'पार्क निर्माणको प्राविधिक काम सकिएको छ। केही दिनमा ठेक्का खोलिँदै छ,' वडाध्यक्ष प्रजापतिले भने, 'ज्येष्ठ नागरिक भवननजिकै निर्माण हुन लागेको यो पार्कले ज्येष्ठ नागरिक र युवा पुस्ताबीचको दूरी कम गर्नसमेत सहयोग गर्ने विश्वास छ।' पार्कमा फुटसल, बास्केट बल, ब्याटमिन्टन, टेबलटेनिस कोर्ट, स्मार्ट शौचालय र फल्चा (पाटी) निर्माण हुनेछ। करिब ६ रोपनी जग्गामा पार्क निर्माण हुन लागेको हो।

अतिक्रमणमा परेको जग्गालाई वडाले आफूमातहत ल्याएर पार्क निर्माण अगाडि बढाएको हो। व्यक्तिले अतिक्रमण गरेको जग्गा वडाले ०७६ मा आफूमातहत ल्याएर तारबार गरेको थियो। सोही जग्गामा महानगरले पार्क निर्माण गर्न लागेको हो। पार्क निर्माणपछि स्थानीयसँग छलफल गरी व्यवस्थापनका लागि केही शुल्कसमेत उठाउने वडाको योजना छ। 'पार्क निर्माणपछि मर्मत-सम्भार गर्नुपर्‍यो। पार्कभित्र निर्माण हुने शौचालय सरसफाइमा ध्यान दिनुपर्‍यो। सरसफाइ पनि गर्नैपर्‍यो। पार्क निर्माणपछि यी कामका लागि कसरी अगाडि बढ्ने भनेर समुदायसँग छलफल गर्छौं। र शुल्क निर्धारण गर्छौं,' अध्यक्ष प्रजापतिले भने। पार्क निर्माणका लागि महानगरले तीन करोड ६ लाख ६० हजार छुट्याएको छ। पार्क बनाउन महानगरले ११ जेठमा ठेक्का खोल्दै छ।

दलमा आबद्ध शिक्षकको विवरण उपलब्ध गराउन ताकेता

काठमाडौं/ राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेका शिक्षकको विवरण माग गर्दै शिक्षा तथा मानव स्रोत विकास केन्द्रले ७७ वटै जिल्लाका जिल्ला शिक्षा समन्वय इकाइलाई पत्राचार गरेको छ। केन्द्रले बिहीबार पत्राचार गर्दै हालसम्मको प्रगति विवरण माग गरेको हो।

केन्द्रले यसअघि नै राजनीतिमा आबद्ध शिक्षकहरूको विवरण माग गरेको थियो। तर, जिल्ला शिक्षा समन्वय इकाइबाट पर्याप्त विवरण नआएपछि शिक्षा मन्त्रालयले ताकेता गर्न निर्देशन दिएपछि केन्द्रले बिहीबार पत्राचार गरेको हो। दुई साताअघि शिक्षा मन्त्रालयले राजनीतिमा प्रत्यक्ष रूपमा जोडिएका शिक्षकलाई कारबाही गर्न केन्द्र र इकाइहरूलाई निर्देशन दिएको थियो। हालसम्म त्यस्ता शिक्षकहरूमाथि कारबाही नभएको भन्दै शिक्षा मन्त्रालयले पुनः निर्देशन दिएको हो। केन्द्रले विद्यालयमा बहाल रहेका शिक्षकहरू काजमा रहेको भेटिए कारबाही गर्न पनि निर्देशन दिएको छ। बिहीबार केन्द्रका निर्देशक नारायणप्रसाद पोखरेलले जारी गरेको विज्ञप्तिमा १५ दिनभित्र शिक्षकहरूको विवरण पठाउन निर्देशन दिइएको छ।

बागमतीआसपासका संरचना ललितपुर महानगरलाई हस्तान्तरण

ललितपुर/ ललितपुर महानगरपालिकाभित्र बागमती नदीआसपासमा बनेका 'ब्युटिफिकेसन'लगायत संरचना महानगरलाई हस्तान्तरण गरिएको छ। अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले हालसम्म निर्माण गरेका संरचनाको विवरणसहित महानगरलाई बुधबार जिम्मेवारी हस्तान्तरण गरेको हो। बागमती सभ्यताले ललितपुर महानगरपालिका वडा नम्बर १, २ र १० मा विभिन्न संरचना निर्माण गरेको छ। समितिले सडक, घाट, पार्क, बगैंचा, साइकल ट्र्याक, सार्वजनिक शौचालय, पाटीपौवालगायत संरचना निर्माण गरेको महानगरपालिकाका पूर्वाधार शाखा प्रमुख तथा इन्जिनियर श्रीकुमार महर्जनले जानकारी दिए। उनका अनुसार संरचना हस्तान्तरणसम्बन्धी समझदारीपत्रमा बागमती सभ्यताका आयोजना प्रमुख रवीन्द्र बोहरा, महानगरका मेयर चिरिबाबु महर्जन र प्रमुख प्रशासकीय अधिकृत रेखादास श्रेष्ठले हस्ताक्षर गरेका छन्।

महानगरका मेयर चिरिबाबु महर्जनले बागमती करिडोर क्षेत्रमा बनेका संरचनाको उचित संरचना गरिने र यसलाई थप हराभरा पार्ने प्रतिबद्धता जनाए। 'ललितपुर क्षेत्रमा पर्ने बागमती क्षेत्रलाई थप व्यवस्थित र हराभरा पार्छौं,' उनले भने, 'यो संरचना अब हाम्रो हो, हामी यसलाई रेखदेख र व्यवस्थापन गर्छौं।' ललितपुर क्षेत्रमै पर्ने युएनपार्कदेखि थापाथली पुलसम्म पुग्ने सडक भने अस्तव्यस्त छ। महानगरपालिकाले बागमती सभ्यताले नै सडक निर्माण गर्नुपर्ने भन्दै बेवास्ता गरेको छ। तर, समितिले सडक कालोपत्रे गर्नेबारे चासो नदिएको महानगरले जनाएको छ।

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/०२/०४ गते

यस माछापुच्छ्रे बैंक लि. को विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको विभिन्न कर्जाहरुको समय समयमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत कर्जाको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज, लगायतका रकमहरु नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज आदि) नबुझाएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, बैंकको नियम, प्रचलित कानून तथा ऋणी र बैंक बीच भएको लिखतको शर्त अनुसार ऋणीहरुको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने र बैंकको सम्पूर्ण लेना रकम असुलीको लागि अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत जानकारी गराउँदछौं।

तपसिल

क्र.सं.	ऋणी तथा धितोको विवरण	प्रोप्राईटर एवं व्यक्तिगत जमानीकर्ता	व्यक्तिगत जमानीकर्ता	शाखा कार्यालय	कर्जा शीर्षक
१.	**ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता नं. ३४७५०/६५० अन्तर्गत मिति २०६७/०७/१० मा दर्ता कायम भएको **श्री कलंकी माई ग्याँस चुल्हो उद्योग** पान नं. ६००१०३०४२, दर्ता मिति : २०६७/०७/१० ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४, कलंकी **धितो :** उल्लेखित ऋणीले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।	**प्रोप्राईटर : मिना रिमाल श्रेष्ठ** ना.प्र.नं. २७१०६०/२४९१३ जि.प्र.का. काठमाडौं जारी मिति : २०६५/०५/१० बाबु : गोविन्द हरि रिमाल पति : धनराज श्रेष्ठ ससुरा : बाबुराजा श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४	**१. धनराज श्रेष्ठ** ना.प्र.नं. १०४०, जि.प्र.का. काठमाडौं जारी मिति : २०४९/०४/२८ बाबु : बाबुराजा श्रेष्ठ बाजे : ललित राज श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १२ **२. रोजिना श्रेष्ठ** ना.प्र.नं. २७१०६०/१२६८६१ जि.प्र.का. काठमाडौं जारी मिति : २०७१/०१/०२ बाबु : धनराज श्रेष्ठ बाजे : बाबुराजा श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४ **३. रोनिमा श्रेष्ठ** ना.प्र.नं. २७-०१-७४-०९८७८, जि.प्र.का. काठमाडौं, जारी मिति : २०७४/०७/०६ बाबु : धनराज श्रेष्ठ, बाजे : बाबुराजा श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४	कलंकी	महिला उद्यमी सहुलियतपुर्ण कर्जा
२.	**ऋणी :** नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा ऐन, २०१४ बमोजिम दर्ता नं. १३९३२३/०७४/७५ अन्तर्गत मिति २०७४/०९/२१ मा दर्ता कायम भएको **ए जि सप्लायर्स** पान नं. ६०७४३१२०९, दर्ता मिति : २०७४/१०/१२ ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२ **धितो :** उल्लेखित ऋणीले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।	**प्रोप्राईटर : अन्जुला घिमिरे** बाबु : कोष विलास घिमिरे बाजे : सुर्य प्रसाद घिमिरे ना.प्र.नं. ४८६९९, जि.प्र.का. लमजुङ जारी मिति : २०६०/१०/२ ठेगाना : लमजुङ जिल्ला, श्रीभन्ज्याङ वडा नं. ६ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२।	**सन्तोष घिमिरे** ना.प्र.नं. ५०४६२, जि.प्र.का. लमजुङ जारी मिति : २०६१/४/६ बाबु : कोष विलास घिमिरे बाजे : सुर्य प्रसाद घिमिरे ठेगाना : लमजुङ जिल्ला, श्रीभन्ज्याङ वडा नं. ६	पेप्सीकोला	महिला उद्यमी सहुलियतपुर्ण कर्जा

क्र.सं.	ऋणी/जमानीकर्ता	नाम	बाबु/पतिको नाम	बाजे/ससुराको नाम	नागरिकता नं.	नागरिकता जारी मिति	नागरिकता जारी जिल्ला	ठेगाना	शाखा कार्यालय	कर्जा शीर्षक
३	ऋणी/जमानीकर्ता	मीरा कुमारी बजगाई	बाबु : विष्णु प्रसाद मैनाली पति : नगेन्द्र प्रसाद बजगाई	ससुरा : कृष्ण प्रसाद बजगाई	१६९८/२२८८/२१५५९	२०५६/०१/०८	भोजपुर	स्थायी : भोजपुर जिल्ला, आम्तेक गा.वि.स. वडा नं. ६ हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी वडा नं. २०	कलंकी	महिला उद्यमी सहुलियतपुर्ण कर्जा
	जमानीकर्ता	नगेन्द्र प्रसाद बजगाई	बाबु : कृष्ण प्रसाद बजगाई	बाजे : भवानी शंकर बजगाई	२७-०१-७१-०९६९६	२०७१/१२/१२	काठमाडौं	स्थायी : काठमाडौं जिल्ला, चन्द्रागिरी वडा नं. २०		
४	ऋणी/जमानीकर्ता	राम लखन यादव	बाबु : बेचन यादव	बाजे : साधु यादव	००२०५०२४	२०४८/०५/२४	सप्तरी	स्थायी : सप्तरी जिल्ला, पकरी गा.वि.स. वडा नं. ५ हाल : सप्तरी जिल्ला, महादेवा गा.पा. वडा नं. १	राजविराज	सेलरी प्याकेज लोन
	जमानीकर्ता	सृजना ढुगाँना यादव	पति : राम लखन यादव	ससुरा : बेचन यादव	०८-०१-७१-०१२०८	२०७१/१२/०८	सप्तरी	सप्तरी जिल्ला, महादेवा गा.पा. वडा नं. १		
५	ऋणी/जमानीकर्ता	लक्ष्मी कुमारी	बाबु : जय किशोर चौधरी पति : संजय प्रसाद जयसवाल	बाजे : राम चन्द्र चौधरी	१७-०१-७७-०६५१६	२०७७/०८/२८	धनुषा	स्थायी : धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ६ हाल : भक्तपुर जिल्ला, मध्यपर थिमि न.पा. वडा नं. ६	सूर्यविनायक	महिला उद्यमी सहुलियतपुर्ण कर्जा
	जमानीकर्ता	संजय प्रसाद जयसवाल	बाबु : दिनेश जयसवाल	बाजे : गंगा प्रसाद जयसवाल	१७१०४५/७६६	२०७०/०४/३०	धनुषा	स्थायी : धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स. वडा नं. ५ हाल : भक्तपुर जिल्ला, मध्यपर थिमि न.पा. वडा नं. ६		
६	ऋणी/जमानीकर्ता	वुन्दी लाल चौधरी	बाबु : सेजु राम डगौरा	बाजे : भागीराम चौधरी	२११०९९९२	२०४४/०८/१४	कैलाली	स्थायी : कैलाली जिल्ला, चुहा गा.वि.स. वडा नं. २ हाल : कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १	धनगढी	एमबिएल प्रोफेशनल आवधिक कर्जा
	जमानीकर्ता	दुज्जी देवी चौधरी	बाबु : जय राम चौधरी पति : वुन्दी लाल चौधरी	ससुरा : सेजु राम डगौरा	१४३८३	२०५३/१०/२१	कैलाली	स्थायी : कैलाली जिल्ला, चुहा गा.वि.स. वडा नं. २ हाल : कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १		

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित

अनुसूची-१५
(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

काठ र दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/०२/०४

विरपुर जनकल्याण सामुदायिक वन उपभोक्ता समूह, बुद्धभुमि न.पा.-०१, कपिलवस्तुको वन क्षेत्र बाट नियमानुसार आ.व.२०८०/०८१ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा सा.व.उ.स.को घाटगद्दीमा लट बनाई राखिएको साल लगायत जातको गोलिया थान १९३८ को २०३०३.७४ क्यु.फि. काठ र साल लगायत काठको दाउरा चट्टा ३४ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोल पत्र खरिद गरि २२ औं दिन भित्रमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

श्री विरपुर जनकल्याण सामुदायिक वन उपभोक्ता समूह
बुद्धभुमि न.पा -०१, कपिलवस्तु

NIC ASIA
एन आई सी एशिया बैंक लि.
PRESENTS
BIZMANDU PRE-BUDGET CONFERENCE
TODAY
Jestha 4, 2081
POWERED BY
Kajaria
INDIA'S NO. 1 TILE COMPANY
prabhu Bank
भाट-भटेनी सुपर मार्केट
Bhatbhateni Super Market
वर्षमान पुन
प्रमुख अतिथि
(अर्थमन्त्री)
फुकेको बजेट सुकेको कार्यान्वयन, के राजनीतिक प्रतिबद्धताको कमी हो?
SESSION-01
गगन थापा
महामन्त्री
(नेपाली कांग्रेस)
डा. सि.के राउत
अध्यक्ष
(जनमत पार्टी)
विद्या भट्टराई
सांसद
(नेकपा एमाले)
गोपाल हमाल
मेयर
(धनगढी उप-महानगरपालिका)
विज्ञान अधिकारी
सहजकर्ता
निजी लगानी परिचालन गर्न किन चाहिन्छ पूर्वाधारमा सरकारको लगानी?
SESSION-02
महाप्रसाद अधिकारी
गभर्नर
(नेपाल राष्ट्र बैंक)
रामेश्वर खनाल
पूर्व अर्थ सचिव
चन्द्रप्रसाद ढकाल
अध्यक्ष
(नेपाल उद्योग वाणिज्य महासंघ)
डा. कल्पना खनाल
अर्थशास्त्री
डा. घनश्याम ओझा
सहजकर्ता
स्थिर र प्रभावकारी कर नीति, जसले दिन सक्छ अर्थतन्त्रलाई गति
SESSION-03
डा. मिनेन्द्र रिजाल
नेता
(नेपाली कांग्रेस)
डा. युवराज खतिवडा
पूर्व अर्थमन्त्री
प्रा. डा. रामप्रसाद ज्ञवाली
कर विज्ञ
राजेश कुमार अग्रवाल
अध्यक्ष
(नेपाल उद्योग परिसंघ)
भवानी राणा
पूर्व अध्यक्ष
(नेपाल उद्योग बाणिज्य महासंघ)
शेषमणि दाहाल
सहजकर्ता
Co-sponsored by
BYD
Citizens Bank
सगरमाथा सिमेन्ट
Vatsalya
NATURAL IVF
Empowering Partner
fonepay
Electrifying Partner
LITMUS CABLES
Payment Partner
eSewa
Infrastructure Partner
शिवम सिमेन्ट
Health Partner
अमृत तेल
Travelling Partner
Yeti Airlines
Celebration Partner
Johnnie Walker
Ketel One VODKA
Creative Partner
anscreation
bizmandu
SORRY! WE MIND YOUR BUSINESS
(INVITEES ONLY)
LIVE on
Himalaya TV
BIZMANDU
YouTube
@2 PM ONWARDS

बालिका करणी मुद्दामा १८ वर्ष कैद पाएका चटौतलाई सफाइ

नयाँ पत्रिका

आफ्नै घरमा घरेलु कामदारका रूपमा कार्यरत बालिकालाई जबर्जस्ती करणी गरेको अभियोग लागेका व्यापारी सुशील चटौतले सफाइ पाएका छन् । उच्च अदालत पाटनका न्यायाधीशहरू मुनेन्द्रप्रसाद अवस्थी र हेमन्त रावलको मंगलबारको इजलासले यस्तो फैसला गरेको हो । जिल्ला अदालतले दोषी ठहर गर्दै सजाय सुनाएपछि चटौत ९ साउन ०८० मा उच्च पुगेका थिए । सरकारी पक्षले १८ असोजमा मुद्दा पुनरावेदन गरेको थियो । त्यसपछि जिल्लाको फैसला उल्टी हुने भएको हो ।

जिल्ला न्यायाधीश सीता शर्मा अधिकारीको इजलासले २५ चैत ०७९ मा चटौतलाई दोषी ठहर गरेको थियो । सजाय निर्धारण भने २७ चैतमा भएको थियो । उनलाई १८ वर्ष एक महिना कैद सजाय तोक्दै पीडितलाई आठ लाख रुपैयाँ क्षतिपूर्ति भराउन फैसला भएको थियो । प्रतिवादी चटौतलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्न १३ वैशाख ०७९ मा आदेश गरेसँगै उनी थुनामा थिए ।

बझाङ घर भएकी बालिका १० वर्ष हुँदादेखि ललितपुरको इमाडोलस्थित चटौत परिवारसँग बस्दै आएकी थिइन् । घरको काम गर्नुको साथै उनले पढाइलाई समेत निरन्तरता दिँदै आएकी थिइन् । तीन वर्षअघिबाट उनीमाथि चटौतले बलात्कार गर्दै आएको प्रहरीलाई उनले बताएकी थिइन् । पछि अदालतमा भने प्रतिकूल बकपत्र गरेकी थिइन् । आफ्नै परिवार र चटौत परिवारको दबाबमा उनले बयान बदले पनि जिल्लाले कसुर कायमको फैसला गरेको थियो । पछिल्लोपटक २४ माघ ०७८ मा उनीमाथि जबर्जस्ती करणी भएपछि उनले स्कुलका शिक्षक र साथीहरूलाई जानकारी दिएकी थिइन् । त्यसपछि बाल हेल्पलाइन हुँदै प्रहरीमा यो उजुरी दर्ता भएको थियो । प्रहरीले पनि उजुरी दर्ता गर्न आनाकानी गरेको थियो । पछि पीडित पक्ष र संघसंस्थाबाट दबाब आएपछि प्रहरीले जाहेरी लिएको हो । तत्कालीन महान्यायाधिवक्ता खम्मबहादुर खाती र उक्त कार्यालयबाट समेत यो मुद्दामा फितलो अभियोजन तथा बहस गर्न सरकारी वकिललाई दबाब दिइएको थियो । नमानेपछि सहन्यायाधिवक्ता संगीता थोकरको सरुवासमेत गरिएको थियो । महान्यायाधिवक्ता खाती कांग्रेसनिकट हुन् । पछि किशोरी र उनको परिवारलाई प्रलोभन र दबाबमा पारेर उनलाई बयान बदल्न लगाइएको खुलेको थियो । सुशीललाई मुलुकी अपराध संहिताको दफा २१९ को दफा ३ (ख) अनुसार मुद्दा चलाइएको थियो ।

व्यवसायी महतो मृत फेला

लहान/ सिराहाको अर्नमा गाउँपालिका- १ ब्रह्मपुरी घर भएका व्यवसायी ५५ वर्षीय बुधराम महतो मृत अवस्थामा फेला परेका छन् । उनको शव घरदेखि सात सय मिटर उत्तरमा पर्ने खेतमा बिहीबार बिहान करिब सवा ८ बजेतिर भेटिएको हो । घरबाट बिहान सबेरै खेततिर गएका महतो नफर्किएपछि खोजी गर्दा शव भेटिएको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मुक्तिनाथ सापकोटाले जानकारी दिए ।

प्रहरीले घटनामा संलग्न व्यक्तिको पहिचान गरिसकेकाले पक्राउ गरी कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाइने उनले बताए । महतोले पछिल्लो केही वर्षदेखि छिमेकी विष्णुपुर चोकमा ग्यास सिलिन्डर र कीटनाशक औषधि तथा बिउबिजनको खुद्रा पसल सञ्चालन गर्दै आएका थिए । स्थानीयका अनुसार स्थानीय बचाई महतोसँग मृतक महतोको लामो समयदेखि मोही जग्गाको विवाद चल्दै आएको थियो । अर्नमा गाउँपालिकाका पूर्वअध्यक्ष रही दिवंगत भइसकेका ठकु महतोसँग जग्गा खरिद गरेका बचाईको दुई कट्ठा जग्गामा मृतक महतोको मोही जग्गा भेटिएपछि त्यही विषयमा चलेको विवाद जिल्ला हुँदै उच्च अदालतसम्म पुगेको स्थानीयको भनाइ छ ।

चार दिनमा सात करोडको कोकिन बरामद

चार करोडको कोकिन पेटभित्र राखेर इथियोपियाबाट नेपालसम्मको यात्रा

लागुऔषध तस्करबाट बरामद कोकिन ।

नयाँ पत्रिका

करिब सात करोड रुपैयाँबराबरको लागुऔषध कोकिनसहित तीन विदेशी महिला काठमाडौंमा पक्राउ परेका छन् । लागुऔषध नियन्त्रण ब्युरोले अन्तर्राष्ट्रिय लागुऔषध गिरोहमा आबद्ध युगान्डाका दुई र भारतका एक महिलालाई पक्राउ गरेको हो ।

पक्राउ परेकामध्ये केभिना मुलागाले क्याप्सुल बनाई पेटभित्र राखेर एक केजी दुई सय ६० ग्राम कोकिन नेपाल ल्याएकी थिइन् । उनी इथियोपियाबाट कतार हुँदै नेपाल आएकी थिइन् । लागुऔषध नियन्त्रण ब्युरोको टोलीले उनलाई निगरानीमा राखी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलअगाडिबाट गत ३० वैशाखमा पक्राउ गरेको थियो । अस्पतालमा लगेर उपचार पद्धतिबाट उनको पेटमा रहेको कोकिनका क्याप्सुल निकालिएको लागुऔषध नियन्त्रण ब्युरोका प्रमुख एसएसपी गोविन्दप्रसाद थपलियाले बताए । उनीबाट करिब चार करोड रुपैयाँबराबरको कोकिन बरामद भएको छ ।

त्यस्तै, बुधबार (२ जेठ) धोबीचौरको होटेलबाट पक्राउ परेकी लिलियनसँग एक केजी तीन सय ९४ ग्राम कोकिन बरामद भएको छ । स्निकर चकलेटको खोलभित्र लुकाएर उनले कोकिन तस्करी गरेकी थिइन् । उनले सो कोकिन भारतीय नागरिक दिवा पाललाई दिन लागेकी थिइन् । त्यही क्रममा पाललाई पनि प्रहरीले पक्राउ गरेको थियो ।

■ **एसएसपी गोविन्दप्रसाद थपलिया**, प्रमुख, लागुऔषध नियन्त्रण ब्युरो

पक्राउ परेकामध्ये केभिना मुलागालाई अस्पताल लगेर उपचार पद्धतिबाट उनको पेटमा रहेको एक केजी दुई सय ६० ग्राम कोकिनका क्याप्सुल निकालिएको हो

दुवैजनाबाट बरामद कोकिनको अवैध बजार मूल्य सात करोड ६ लाख रुपैयाँ भएको प्रहरीले जनाएको छ । पक्राउ परेकाहरूले एक नाइजेरियन नागरिकले केही खर्च दिएर आफूहरूलाई सो काममा लगाएको बताएका छन् । पक्राउ परेका तीनैजना एउटै गिरोहबाट परिचालित भएको प्रहरीको आशंका छ ।

दक्षिण अमेरिकी देशमा उत्पादन हुने कोकिन तस्करीमा नेपाल ट्रान्जिट हुँदै आएको छ । नेपालमा पक्राउ परे पनि धेरै सजाय नहुने र खुला सीमाका कारण भारत लैजान सहज हुने भएकाले यसरी ट्रान्जिट बन्दै आएको प्रहरी अधिकारी बताउँछन् । सो कोकिन भारत लैजान लागिएको थियो । भारतबाट अन्य देश लैजाने योजना हुन सक्ने ब्युरोका एसएसपी थपलिया बताउँछन् । विगतमा पनि यसरी नेपालमा ल्याइएको कोकिन प्रहरीले बरामद गर्दै आएको छ ।

■ अर्का कारोबारीलाई गोली हानेर पक्राउ

सुनसरीमा प्रहरीले एक लागुऔषध कारोबारीलाई गोली हानेर नियन्त्रणमा लिएको छ । बिहीबार साँझ रामधुनी नगरपालिका- ६ मा लागुऔषध कारोबारी सप्तरीका रामसुन्दर यादवलाई पक्राउ गरेको हो ।

यादवको खुट्टामा गोली लागेको छ । उनीसँगै रहेका इटहरीका श्यामसुन्दर लामिछाने पनि पक्राउ परेका छन् । उनीहरूको साथबाट करिब दुई सय ग्राम खैरो हेरोइन बरामद भएको छ । दुवै लागुऔषधको डिलर भएको सूचनाका आधारमा प्रहरी टोली पक्राउ गर्न गएको थियो । यादव भाग्न खोजेपछि गोली चलाएर पक्राउ गरिएको प्रहरीले जनाएको छ । लागुऔषध नियन्त्रण ब्युरो, कोटेश्वरबाट सइ बालकृष्ण सञ्जेल नेतृत्वको टोलीले उनलाई नियन्त्रणमा लिएको हो । पछिल्लो दुई सातामा ब्युरोको टोलीले लागुऔषध कारोबारी पक्राउ गरी चार ठाउँमा गोली चलाएको छ ।

संक्षेप

गिरीबन्धु टी इस्टेट प्रकरण ओलीको आरोपमा देउवाको आपत्ति

काठमाडौं/ कांग्रेस सभापति शेरबहादुर देउवाले गिरीबन्धु टी इस्टेटको विषयमा एमाले अध्यक्ष केपी ओलीको अभिव्यक्तिप्रति आपत्ति जनाएका छन् । बिहीबार प्रजातान्त्रिक विचार समाजद्वारा काठमाडौंमा आयोजित कार्यक्रममा उनले ओलीको आरोपको खण्डन गरेका हुन् । देउवाले ओलीले आफैं निर्णय गरेर कांग्रेसलाई आरोप लगाएको प्रतिक्रिया दिँदै कांग्रेसले अनियमितता गरेको भए पुष्टि गर्न चेतावनी दिए । 'अदालतले उहाँलाई भनेको छ, उहाँ कांग्रेसको पालामा भएको भन्नुहुन्छ,' उनले भने, 'आफूले निर्णय गर्नुहुन्छ, कांग्रेसलाई भन्नुहुन्छ । कसको पालामा कहिले भयो भनिदिए भैगो नि त ! यस्तो कुरा ओलीजस्ता नेताले भन्न सुहाउँदैन ।'

कांग्रेस नेता डा. शेखर कोइरालाले ओलीप्रति लक्षित गर्दै कांग्रेसलाई आरोप लगाएर धम्की नदिन चुनौती दिए । उनले सहकारी प्रकरण कांग्रेसले उठाउँदा ओलीको यस्तो अभिव्यक्ति आएको भन्दै आरोप पुष्टि गर्न सक्नुपर्ने बताए । 'कांग्रेसले सदनमा सहकारी प्रकरण उठाउँदा कुनै राजनीतिक दलबाट धम्कीको भाषा आयो । हिजो राजासँग नडराएको कांग्रेस कुनै दलको धम्कीसँग डराउँदैन,' कोइरालाले भने । एमाले संसदीय दलको बुधबारको बैठकमा ओलीले सर्वोच्च अदालतको फैसला पूर्वाग्रही भएको दाबी गर्दै गिरीबन्धु टी इस्टेटको जग्गामा कांग्रेसले अनियमितता गरेको आरोप लगाएका थिए ।

नीति अनुसन्धान प्रतिष्ठान अध्यक्षमा शर्मा

काठमाडौं/ सरकारी 'थिंकट्यांक' नीति अनुसन्धान प्रतिष्ठानले १४ महिनापछि अध्यक्ष पाएको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले प्रतिष्ठानको अध्यक्षमा प्राध्यापक लेखनाथ शर्मालाई नियुक्त गर्ने निर्णय गरेको छ । शर्मा नेपाल खुला विश्वविद्यालयका पूर्वउपकुलपति हुन् । सरकारलाई नीति सिफारिस गर्ने प्रतिष्ठानमा एक वर्ष दुई महिनादेखि नेतृत्व रिक्त थियो । तत्कालीन कार्यकारी अध्यक्ष डा. विष्णुराज उप्रेतीको कार्यकाल १९ फागुन ०७९ मा सकिएपछि प्रतिष्ठान अध्यक्षविहीन भएको थियो ।

त्यस्तै, मन्त्रिपरिषद् बैठकले जलवायु परिवर्तन अनुकूलन कार्यक्रम कार्यान्वयनका लागि फिनल्यान्ड सरकारबाट प्राप्त हुने १३ मिलियन युरो अनुदान सहायता स्वीकार गर्ने निर्णय पनि गरेको छ । नेपाल प्रशासन सेवाअन्तर्गत लोकनाथ पौडेल र नेपाल कृषि वन सेवा समूहीकरणअन्तर्गत राजेन्द्रप्रसाद मिश्रलाई बढुवा गर्ने निर्णय भएको छ । न्यूनतम पारिश्रमिक निर्धारण समितिको रिक्त अध्यक्ष पदमा संगीता खड्का नियुक्त भएकी छिन् ।

चार पत्रकारलाई 'बारबरा खोज पत्रकारिता पुरस्कार'

काठमाडौं/ चारजना पत्रकारलाई 'बारबरा फाउन्डेसन खोज पत्रकारिता पुरस्कार' प्रदान गरिएको छ । पत्रकारद्वय देवेन्द्र भट्टराई र मातृका दाहालले संयुक्त रूपमा १६ लाख राशिको प्रथम पुरस्कार प्राप्त गरे । उनीहरूले नक्कली भुटानी शरणार्थी प्रकरणको शृंखलाबद्ध समाचार लेखेका थिए । पत्रकार दाहाल कान्तिपुरमा कार्यरत छन् ।

बाँसबारी छालाजुत्ता कारखानाको जग्गा हिनामिनाको समाचार लेखेबापत उकालो अनलाइनकी दीपा दाहाल र धितोपत्र बजारमा भएको चलखेलबारे समाचार लेखेबापत हिमाल खबरका रमेशकुमारलाई खोजी पत्रकारिता पुरस्कार प्रदान गरिएको छ । दीपाले पाएको द्वितीय पुरस्कार ६ लाख र रमेशकुमारले पाएको तृतीय पुरस्कार तीन लाख रुपैयाँ राशिको हो । काठमाडौंमा बिहीबार आयोजित कार्यक्रममा वरिष्ठ कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले पुरस्कार हस्तान्तरण गरेका हुन् ।

सुदूरपश्चिमका मुख्यमन्त्री सोडारीले पाए विश्वासको मत

धनगढी/ सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घबहादुर सोडारीले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गरेका छन् । ५३ सदस्यीय प्रदेश सभामा उनले २८ मत पाएका हुन् । बहुमतका लागि २७ मत आवश्यक पर्छ । एमालेका ११, माओवादीका १०, एकीकृत समाजवादीका चार, नागरिक उन्मुक्ति पार्टीका दुई र एकजना स्वतन्त्र सांसदले सोडारीलाई विश्वासको मत दिएका हुन् । विश्वासको मतको विपक्षमा शून्य मत पर्‍यो । कांग्रेस र नागरिक उन्मुक्तिको रेशम चौधरी पक्षका सांसद र राप्रपाका सांसद मतदानको प्रक्रियामा सहभागी भएनन् ।

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय अमरसिंहचोक, कास्कीका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८१/०२/०४ गते शुक्रबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको बिभिन्न शिर्षक अन्तरगतको ऋण कर्जाको किस्ता (साँवा, व्याज) लगायत अन्य रकम भुक्तानी सम्वन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई बैकसंग सर्म्पकमा समेत नरही आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय** अमरसिहंचोक, पोखरामा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८१/०३/१४ गते शुक्रवार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस **बैंकको शाखा कार्यालय,** अमरसिहंचोक, पोखरा**मा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र कर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

क. ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणको विवरण :

ऋणी : राम थापा (ना.प्र.नं. ८७०१५ जारी मिति २०६३/०४/२९, प्रतिलिपि जारी मिति २०७२/०२/२६, जारी गर्ने कार्यालय जि.प्र.का. स्याङजा) । ठेगाना : स्याङजा जिल्ला विरुवा गा.पा. वडा नं. ४ । (साविक ओरष्टे गा.वि.स. वडा नं. ३) । बाबु : ढक बहादुर थापा । बाजे : तुल बहादुर थापा ।	**जमानतकर्ता : ढक बहादुर थापा** (ना.प्र.नं. १४७६, जारी मिति २०४६/०२/२२, जि.प्र.का. स्याङजा) ठेगाना : स्याङजा जिल्ला विरुवा गा.पा. वडा नं. ४ । (साविक ओरष्टे गा.वि.स. वडा नं. ३) । बुवा : तुल बहादुर थापा । बाजे : बुद्ध सिंह थापा ।
जमानतकर्ता : दिपा माया सारु मगर (ना.प्र.नं. ४६-०१-७०-०७८१८ मिति २०७०/०९/१४, जारी गर्ने कार्यालय जि.प्र.का कास्की) । ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३) । (साविक निर्मलपोखरी गा.बि.स. वडा नं. ३) । बुवा : दृढक बहादुर सारु मगर । पति/ससुरा : राम थापा/ढक बहादुर थापा ।	**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :** राम थापाको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला छीनेडाँडा गा.बि.स. वडा नं. ६ नक्सा सिट नं. ०९३१०३९०४ स्थित कि.नं. ३३२५९ र ३३२६४ क्षेत्रफल ०-०-०-२ र ०-४-३-० (रोपनी) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय अमरसिंहचोक, पोखरा, कास्की**बाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा यस बैंकको शाखा कार्यालय **अमरसिंहचोक, पोखरा, कास्कीमा** सम्पर्क गर्न हुन तथा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय अमरसिंहचोक, पोखरा, कास्कीमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय लहान, सिरहा

सबुत तथा प्रमाण पेश गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना

सूचना प्रकाशन मिति : २०८१/०२/०४ गते

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका तपसिल बमोजिमको करदाताको देहायको आय वर्षको कारोबारको सम्बन्धमा छानबिन तथा अनुसन्धान गर्नुपर्ने देखिएकोमा यस कार्यालयमा उपस्थित भई कागजात तथा फाँटवारी पेश गर्ने सम्बन्धमा जारी भएको आयकर ऐन २०५८ को दफा ८३ तथा मू.अ.कर ऐन, २०५२ को दफा २३ बमोजिमको पत्र बुझिलिएको करदाता र विभिन्न माध्यमबाट सम्पर्क हुन नसकेका प्रस्तुत फर्मका प्रोप्राईटर/संचालक/साझेदार स्वयम् वा निजले अख्तियारप्राप्त व्यक्तिलाई उक्त आय वर्षको कारोबारसँग सम्बन्धित सम्पूर्ण कागजातहरुसहित यस कार्यालयमा उपस्थित हुन १५ (पन्ध्र) दिनको म्याद दिई मिति २०८१/०१/१३ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरिएकोमा तोकिएको म्यादभित्र निजहरुले कारोबारसँग सम्बन्धित कुनै कागजात पेश नगरेकोले उपल्बध वित्तिय विवरण, आय विवरण लगायत कार्यालयमा प्राप्त सूचना तथा तथ्यांकका आधारमा तपसिलका आय वर्षमा तपसिलबमोजिमको कर निर्धारण हुने देखिएको हुँदा आयकर ऐन, २०५८ को दफा १०१ र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गरी सो बमोजिम आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिमको संशोधित कर निर्धारणको सूचना र मू.अ.कर नियमावली, २०५३ को नियम २९(१) को प्रारम्भिक कर निर्धारणको आदेश जारी गरिएको छ अत: उल्लिखित कर निर्धारण नगर्नु पर्ने कुनै आधार र कारण भएमा यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र सफाईको सबुत पेश गर्नुहुन आयकर ऐन, २०५८ को दफा १०१(६) र मू.अ.कर नियम, २०५३ को नियम २९(२) बमोजिम जानकारी गराईन्छ । उल्लिखित म्यादभित्र प्रमाण तथा कागजात पेस नगरेमा नियमानुसार कर निर्धारण हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

क्र. सं.	करदाताको स्थायी लेखा नं.	फर्मको नाम	ठेगाना	प्रो./संचालक/साझेदार	कर निर्धारण हुने आर्थिक वर्ष
१	६०२३३६२५१	महांलक्ष्मी सप्लायर्स	ट्राफिक चोक लहान-१ सिरहा	भागवत प्रसाद रिजाल	२०७१/०७२
२	३००१३४९८४	मिथला कन्सट्रक्सन	राजदेवी टोल राजविराज-२ सप्तरी	हलधर प्रसाद देव	२०७२/०७३
३	६००३४४२७८	सुसम आदित्य विजय निर्माण सेवा	त्रियुगा-१० उदयपुर	सिर्जना खड्का	२०७३/०७४
४	३०१८३४६०५	न्यु पाण्डे भेराईटी स्टोर्स	दिक्तेल रुपाकोट मझुवागढी दिक्तेल	दिपक्षित पाण्डे	२०७२/०७३

पद्धति बसाल्न कहाँ चुक्यौं ?

विधिले शासित भए पनि ऐन-नियम छल्ने र तिनको गलत अर्थ लगाउन खोज्ने प्रवृत्तिकै कारण नेपालको शासन व्यवस्था अस्थिरताबाट गुज्रनुपरेको हो

● डा. पुरुषोत्तम मरहठ्ठा

अग्रलेख

विवेकको महत्त्व हरेक क्षेत्रमा हुन्छ। व्यक्तिको सामाजिक प्रतिष्ठा नष्ट गर्न यताको केही समय ज्ञान र विवेक भएकै व्यक्तिलाई अधिक प्रयोग गर्न खोजिएको छ। मानवीय संवेदना र सोचको विश्लेषण गर्ने क्षमता कसरी हरायो ? अहिले समाज सहिष्णु छैन। सदैव नकारात्मक र असहिष्णु मात्र बन्दै गएको अपसंस्कृतिले गाँजिएको भाष्य निर्माण गर्न खोजिएको छ। तर, समाजमा कतिपय यस्ता व्यक्ति पनि छन्, जो लिन होइन, दिनमा मुठ्ठी खोलिरहेका छन्। परोपकारी र दानवीरहरू अझै हराएका छैनन्। केही यस्ता पनि छन्, जो राज्यको सम्पत्ति छल, बल र कलबाट खुलमखुल्ला पदीय दुरुपयोग गरी लुक्दै र लुकाउँदै सोत्तर बनाइरहेका छन्। यसरी एकथरी राज्यको ब्रह्मलुटमा लागेका छन्। राज्यबाट कसरी लिने भनी अनेकौं छिद्रबाट प्रवेश गर्दै ध्वस्त बनाएर व्यक्तिगत स्वार्थमा तल्लीन छन्। अर्कातिर छाना, माना र नाना दिने राज्य नै भएकाले ऊसँग जनताले सर्वोपरि विकासको आस राखेका हुन्छन्। सर्वोपरि संस्था भएकाले नागरिकप्रतिको दायित्व पूरा गर्नुपर्ने राज्यको जिम्मेवारी हो भन्ने धारणा तिनको रहेको देखिन्छ।

अहिले हिन्दू, इस्लाम र क्रिस्चियानिटीजस्ता विश्वका प्रमुख धर्मलाई समेत बेग्लै राज्य चाहिएको छ। त्यसैले, हिन्दू राज्य माग्नु कुनै आश्चर्यको विषय होइन। इतिहासको ब्याजले शासकहरू आयुष्मान बन्न सक्ने स्थिति अहिले छैन। लोकतन्त्रको सुन्दर पक्ष नै बहुमतको आधारमा सुधार गर्दै अगाडि बढ्नु हो। विगतको गल्तीबाट पाठ सिक्दै, सच्याउँदै जाने खुबी पनि हो। लोकतन्त्रले अदृश्य शक्तिलाई चिनेको हुन्न। उसले चिनेको भन्नु नै संविधान ऐन-कानुन र विधि हो। देशको संविधानले संघीय संसद्को प्रत्येक सदनका सदस्यले सदन वा त्यसको समितिका बैठकमा पहिलोपटक भाग लिनुअघि संघीय कानुनबमोजिम शपथ लिनुपर्नेछ भनेको छ। शपथद्वारा निर्वाचित पदाधिकारीलाई नैतिकतामा बस्न बाध्य बनाएको देखिन्छ। यसरी विधि र प्रथालाई मान्यता दिँदै आचरण र नैतिकताद्वारा यो समाज बाँधिएको पाइन्छ। राज्यले आफ्ना नागरिकलाई बेथितिबाट बचाउन हरसमय चनाखो भइरहनुपर्छ। कसैको सानो गल्तीले जनता पीडामा बस्न सक्दैन। चरित्रहीन नेता र भ्रष्ट समाजको बोलवाला भएको ठाउँमा उच्च नैतिक संस्कारको आशा राख्न सकिन्न। लोकतान्त्रिक व्यवस्थाले 'कल्चर अफ साइलेन्स' र 'कल्चर अफ कम्प्रोमाइज'लाई अंगीकार गर्दागर्दै पनि जुलुस, धर्ना, अनशन, घेराउ ससाना 'इस्यु'मा विवाद र द्वन्द्व हरदम चलिरहन्छ। तर, प्रजातान्त्रिक संस्कार भएको देशमा सम्झौताको क्षमता विकास हुने भएकाले हरेकको हरेकसँग शान्तिपूर्ण वार्ता र सम्झौता चलिरहेको हुन्छ। कतिपय अवस्थामा सामाजिक सम्झौता गरेर नागरिक अधिकार सम्पन्न हुन पाएका पनि छन्। मुलुक पनि रूपान्तरण हुँदै गएर परम्परागत समाजबाट शनैः शनैः विकसित अवस्थामा पुग्न लागिरहेका हुन्छन्। भलै विकास ढिलै किन नहोस्। आइपर्ने समस्यालाई वार्ता र सम्झौताद्वारा निकास निकालिरहेको हुन्छ।

प्रजातन्त्रको मार्गमा हिँडिनसकेका देशले भने यदाकदा हिंसात्मक मार्ग अपनाउन पुग्छन्। तिनमा टुट्ने र फुटने क्रम चलिरहेको हुन्छ। आवधिक निर्वाचन, मानवअधिकारको प्रत्याभूति, विधिमा विश्वास गर्ने नागरिक र राजनीतिक संस्कारयुक्त नेता जुन देशमा हुन्छन्, त्यहाँको राजनीतिले स्थिरता प्राप्त गरिसकेको हुन्छ। सबै पद्धति, विधि र प्रक्रियाअनुसार चल्ने भएपछि त्यहाँ तजबिजको प्रयोग गर्नुपर्ने कुनै आवश्यकता देखिँदैन। हामीकहाँ प्रशासक र नीति-निर्माण गर्ने पदमा बसेका नेताहरूले अत्यधिक तजबिजी अधिकार प्रयोग गरिरहने हुनाले तिनले त्यसैको छिद्रमा छिरेर खेल्ने अवसर पाएका हुन्। विधिले शासित भए पनि कमजोर धारामा टेकी ऐन-नियम छल्ने र गलत अर्थ लगाउन खोज्ने प्रवृत्तिकै कारण नेपालको शासन व्यवस्था अस्थिरताबाट गुज्रनुपरेको हो।

सचेत नागरिक समाज रहेसम्म मुलुकको अवस्था जस्तोसुकै होस्, व्यवस्था कहिल्यै अस्थिर बन्न सक्दैन। खारिएका नेताहरूले देशलाई संकटबाट पार लगाउँछन्। रूपान्तरण गराउन सक्ने खुबी भएका नेतालाई यहाँ लामो समयसम्म काम गर्नै दिइएन। बिपीले बिर्ता उन्मूलन गर्न खोजे, उनलाई लामो समय टिक्नै दिइएन। मनमोहनले वृद्धभत्ताजस्ता लोकप्रिय कार्यक्रम त ल्याए, तर अन्य सामाजिक सुरक्षामा योगदान पुऱ्याउन सकेनन्। देशबाट लिन होइन, दिन खोज्नेले आवश्यक पर्दा निःस्वार्थ त्याग दिएकै हुन्छन्। जसरी दुधालु भैंसीबाट एकै समय दूध र मासुको आशा राख्न सकिन्न, त्यसैगरी देशको नेतृत्व गर्नेहरूसँग काम गर्ने समय नै नदिई तत्काल परिणामको आशा गर्न सकिन्न।

मेकियाभेली शैलीको छट्टु राजनीति वर्तमान समयमा प्रयोग गर्न खोज्नेहरूलाई तत्कालका लागि केही लाभ भए पनि दीर्घकालमा त्यो देश र जनताका लागि दिगो समाधान हुनै सक्दैन। मेकियाभेली जन्मेको समयलाई हेर्ने हो भने इटलीको अवस्था ज्यादै नाजुक थियो त्यतिखेर। तत्कालीन समयमा इटलीका सहरले आफ्नो समृद्धि र स्वतन्त्रता नै गुमाइसकेको थियो। इटली विभिन्न टुक्रामा विभाजित भएको थियो। त्यो देश शक्तिशाली राष्ट्रको युद्धभूमि बनेको थियो। परिणाम विभाजित नागरिकमा नैतिकता, राष्ट्रप्रेम र देशभक्तिको भावना हराइसकेको थियो। मिलान, नेपल्स, फ्लोरेन्स, भेनिस र रोमन चर्चभित्र सदैव एक-आपसमा लडाइँ झगडा भइरहन्थ्यो। मुलुक ध्वस्त बनाउन नेताको नैतिक चरित्र जति जिम्मेवार हुन्छ, उति नै त्यो देशका नागरिक पनि कम जिम्मेवार हुँदैनन्। मिरजाफर र जैचन्द जस्ताका कारण कसरी बेलायती इस्ट इन्डिया कम्पनी भारतमा छिर्न सफल भयो। सेना नायकमा लोभ नदेखिएको भए व्यापार गर्न छिरेकाले देश नै कब्जा गर्न सक्दैनथे। त्यस्तो अवस्था कसरी आयो ? नैतिकताको ह्रास र भ्रष्टहरूमा कमाउ प्रवृत्ति भएपछि मुलुक नै गुम्न पनि सक्दो रहेछ। त्यसैले, नागरिक र नेताहरू उच्च चरित्र र नैतिकतामा अडेका छन् भने चारित्रिक रूपले तिनलाई कसैले नैतिक पतन गराउन सक्दैनन्। जहाँको शिक्षामा चरित्रको महत्त्व भेटिन्न, विवेकलाई महत्त्व दिइन्न, नैतिकता र आचरणलाई बेवास्ता गरिन्छ, मानवताको मूल्य सिकाइन्न, संस्कार, संस्कृति र पद्धति नामेट पार्न खोजिन्छ, त्यो देश छिटै पतनको गर्तमा फस्यो भन्ने जाने हुन्छ।

> जहाँको शिक्षामा चरित्रको महत्त्व भेटिन्न, विवेकलाई महत्त्व दिइन्न, नैतिकता र आचरणलाई बेवास्ता गरिन्छ, मानवताको मूल्य सिकाइन्न, संस्कार, संस्कृति र पद्धति नामेट पार्न खोजिन्छ, त्यो देश छिटै पतनको गर्तमा फस्छ

अरू केही चाहिन्न, मात्र शिक्षित जनशक्तिलाई पश्चिम देशको सपना देखाइदिए पुग्छ। राम्रो अवसरको खोजीमा देश छाड्नेलाई राज्यले विकल्प दिन नसकेपछि अड्याउन कठिन हुने रहेछ। भूगोलमा तिनलाई सीमित गर्न सकिन्न। वर्तमान विश्वग्राममा आउने र जानेको क्रम चलिरहेको हुन्छ। अवसरको खोजीमा जानु अस्वाभाविक हुँदै होइन। तर, हाम्रा नीति-निर्माता कहीँ न कहीँ चुकेकै छन्। त्रुटि नभएको भए यत्रो जनशक्ति किन भासिए।

मानिसमा अधिक भोग र ऐश्वर्यको चाहना अकस्मात् त बढेको होइन। भूमण्डलीकरण, बजार अर्थतन्त्र र विश्वग्राममा आएको उहापोहलाई देखाएर कोही पनि अलग भने बस्न सक्दैन। तिनमा असल बन्ने, असल गर्ने, असल हेर्ने विचार र विवेक छैन भनी मान्न सकिन्न।

त्यही भएर नै प्लस टु सकिनेबित्तिकै सके युरोप र अमेरिका नसके खाडीतिर लागेका छन्। तिनले आफैँलाई चिन्न अरूले तिनको हैसियत देखाइदिनुपर्ने भयो। योजस्तो विडम्बना अरू के नै हुन सक्छ। त्यसैले शिक्षा गुणस्तरीय मात्र होइन, चरित्रवान् र नैतिकवान् पनि आवश्यक देखियो। जुन शिक्षाले मानिसलाई नैतिकवान् र चरित्रवान् बनाउन सक्छ, त्यस्तो शिक्षा सबैले अनुसरण गरेको हुन्छ। मुलुक सिध्याउन केही चाहिन्न, आणविक अस्त्र वा क्षेप्यास्त्र प्रयोग गरिरहनै पर्दैन। शिक्षा पद्धति ध्वस्त गरिदिए पुग्छ। शैक्षिकस्तर ध्वस्त पारिदिएपछि सर्वत्र अस्तव्यस्त बन्छ। गतिलो जनशक्ति उत्पादन गर्न नसकेपछि मुलुक स्वतः परनिर्भर बन्न पुग्छ। यसरी सर्वत्र भाँडभैलो र अस्तव्यस्तता सिर्जना भएपछि देशमा अस्थिरता पैदा हुन थाल्छ, परिणाम गुणस्तरीय शिक्षाका लागि मुलुक छोड्नेको लर्को लाग्न थाल्छ। त्यसैले यो समयमा राजनीतिक स्थिरता र नागरिकमा उच्च मनोबल बढाएर तिनका लागि यही भूमिमै उच्चस्तरीय जीवनयापन गर्ने वातावरण तयार गर्नु आजको आवश्यकता हो।

शिक्षा विधेयक संसद्मा अलपत्र छ। स्वार्थ भएकाहरूको स्वार्थ गाँसिएकाले ऐन बन्न ढिला भइरहेको छ। गुणस्तरीय शिक्षाका लागि अहिले गरेको लगानीले कालान्तरमा मुलुकलाई समुन्नति र समृद्धिमा डोऱ्याउँछ भन्ने जान्दाजान्दै पनि दश वर्ष पढाएर दश वर्ष असफल बनाउने अभ्यासमै सम्पूर्ण शक्ति लागेको छ, योजस्तो आश्चर्य अरू के नै हुन सक्छ र ? हरदिन विभिन्न विचारधाराका दलभित्र देखिएको घरझगडाले मुलुक ठूलै ध्रुवीकरणको संघारमा जान लागेको त होइन भन्ने संकेत गरिरहेको छ। हाम्रो शिक्षाले विभाजन र फुटको संघारमा नागरिकलाई दोबाटोमा खडा गरिदिएको छ।

मानिसको स्वभाव, धारणा सुधार्न र बदल्न वर्तमान शिक्षापद्धतिमा व्यापक हेरफेर आवश्यक देखिएको छ। सरकार नियन्त्रित शिक्षा र बजार अर्थतन्त्रको वेगमा चलेका शिक्षामा कहाँ त्रुटि छ, केलाउनु आवश्यक छ। नागरिकमा बढ्दै गएको निराशा तिनको अत्यधिक आकांक्षाले पैदा भएको छ। लोकतन्त्रको यत्रो लामो अभ्यासमा हामी सरकार वनाउने र भत्काउनेमै व्यस्त छौं। तर, पद्धति बसाल्न हामी आखिर कहाँ चुक्यौं। त्यसैले यो बजेट अधिवेशनमा विश्वस्त हुन नसकिए पनि देशको जल्दोबल्दो समस्यामा उचित निकास दिन ढिलो भइसकेको छ।

(डा. मरहठ्ठा नेपाल राजनीतिशास्त्र संघ (पोल्सान) का पूर्वमहासचिव हुन्)

---

३ प्रश्न

राष्ट्रिय योजना आयोगका पूर्वसदस्य **डा. पोषराज पाण्डेलाई**

सरकारले सार्वजनिक गरेको १६औँ पञ्चवर्षीय योजनाको लक्ष्य कति व्यावहारिक देखिन्छ ?

हाम्रो आर्थिक वृद्धिको इतिहास हेर्ने हो भने अहिलेसम्मको औसत वृद्धिदर ४ प्रतिशतको हाराहारीमा देखिन्छ। त्यसैले, एकैपटक ७.१ प्रतिशत वृद्धिको लक्ष्यमा जाने हो भने त्यसलाई केले 'ड्राइभ' गर्ने हो ? अर्थात् त्यो लक्ष्यप्राप्तिको 'ड्राइभिङ सेक्टर' कुन हो ? भन्ने प्रस्ट केही आएको छैन। अथवा लक्ष्यप्राप्तिका लागि जे जे गर्ने भनिएको छ, त्यसका लागि स्रोत के हो, कहाँबाट जुटाउने हो र कसरी खर्च गर्ने हो भन्नेबारे पनि प्रस्ट योजना आएको छैन। 'पोलिसी' लाई 'रिसोर्स'ले 'सपोर्ट' गरेको नदेखिनु यो योजनाको कमजोरी हो।

१५औँ योजना असफल भयो। आखिर हामी योजना निर्माणमा कहाँ चुकिरहेका छौँ ?

पन्ध्रौँ मात्र होइन, हाम्रा अधिकांश योजना सफल छैनन्। पञ्चायतमा बरु केही भयो होला। तर, त्यसयताका कुनै पनि योजना सफल देखिएका छैनन्। भन्ने वेलामा हामी ७ प्रतिशत वृद्धि भन्छौँ तर औसतमा ३ प्रतिशत पनि पुग्दैन। यसको मुख्य कारण राजनीतिक स्थायित्व नहुनु हो। हामीले अघिल्ला योजनाका असफलताबाट पाठ सिकेर सुधार गर्ने प्रयास गरेकै छैनौँ। हाम्रो योजना र बजेटबीच तालमेल पनि छैन। त्यसैले, हाम्रा योजनाहरू असफल भइरहेका हुन्।

खासमा योजना निर्माण गर्दा कस्ता पक्षमा ध्यान दिनुपर्छ ?

सबैभन्दा पहिले विगतका असफलताबाट पाठ सिक्नुपऱ्यो। योजना बनाउँदै गर्दा राज्यको आन्तरिक क्षमता पहिचान गर्नुपऱ्यो। बाहिरबाट कति र कसरी सहयोग ल्याउन सकिन्छ, त्यसबारे पनि अध्ययन हुनु जरुरी छ।

प्रेरक प्रसंग

प्राप्त पैसाको सदुपयोग

ईश्वरचन्द्र विद्यासागर कलकत्ताको ठूलो बजारको बाटो हुँदै कतै हिँडिरहेका थिए। बाटामा उनले १४-१५ वर्षको एउटा केटालाई भेटे। नांगा खुट्टा, फाटेका लुगा र निन्याउरो अनुहार उसको हालत बताउन पर्याप्त थियो। उसले विद्यासागरसँग गिड्गिडाउँदै भन्यो, 'कृपया, मलाई एक आना दिनुस्, म दुई दिनदेखि भोको छु।' ईश्वरचन्द्रले त्यस केटालाई भने, 'ठीक छ, म आज तिमीलाई एक आना दिन्छु, तर तिमी भोलि के गर्छौ ?' 'भोलि म अरू कसैसँग माग्नेछु,' त्यो केटाले जवाफ दियो। 'यदि मैले तिमीलाई चार आना दिएँ भने तिमी के गर्छौ ?' ईश्वरचन्द्र विद्यासागरले उसलाई फेरि सोधे। 'त्यसमा एक आनाको म खाना खान्छु र बाँकी तीन आनाको सुन्तला ल्याएर यही सडकमा बसेर बेच्नेछु,' त्यस केटाले भन्यो। 'यदि मैले एक रुपैयाँ दिएँ भने नि ?' यदि तपाईंले 'एक रुपैयाँ दिनुभयो भने म व्यवस्थित रूपले काम गर्नेछु,' त्यो केटाले खुसी हुँदै भन्यो। ईश्वरचन्द्र विद्यासागरले उसलाई एक रुपैयाँ दिए। त्यो केटाले त्यो पैसाको सामान ल्याएर बेच्न थाल्यो। धेरै दिनपछि एकदिन ऊ आफ्नो पसलमा बसिरहेको थियो। तब उसको दृष्टि ईश्वरचन्द्र विद्यासागरमा पुग्यो। उसले विद्यासागरलाई आफ्नो पसलमा लिएर आयो र हात जोडेर भन्यो, 'तपाईंले ममाथि जुन उपकार गर्नुभएको थियो, त्यो म कहिल्यै बिर्सन सक्दिनँ। यो लिनुस् तपाईंले दिएको एक रुपैयाँ।' विद्यासागरले मुस्कुराउँदै भने, 'यसमा मेरो आभार मान्नुपर्ने आवश्यकता छैन। एक देशवासी हुनुको नाताले यो मेरो कर्तव्य थियो। तिमी आफ्नै मिहिनेतले मेरो त्यो एक रुपैयाँ फिर्ता गर्न समर्थ भयौ। अब यो रुपैयाँ तिमी अरू कुनै योग्य र आवश्यकता परेको मानिसलाई देऊ।'

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

स्वार्थको राजनीति बन्द गर

हाम्रोजस्तो सानो देशको स्तरवृद्धि गर्न राजनीतिको दिशा स्पष्ट गरिनुपर्छ। तर, विगत लामो समयदेखि दलहरू कुन बाटो कसरी जाँदै छन्, देखिरहेका छौं। यसमा जनताले धेरै टीका टिप्पणी गरे पनि स्वार्थको राजनीतिका कारण यहाँ सुधारका सम्भावना देखिरहेका छैनन्। दलका नेतृत्वकर्ताले देश र जनताको हितका मार्गमा हिँड्ने प्रतिबद्धता र व्यक्तिगत स्वार्थमा नलाग्ने संकल्प गर्नुपर्छ। आजको दिनमा पनि सानोतिनो स्वार्थका विवादले संसद् चलिरहेको छैन। यस्तै हुने हो भने तलबभत्ता केही पनि नलिईकन राजनीति गर। होइन भने देश कता जाँदै छ ? चिन्तन गर्नुपर्ने देखिन्छ। संसद्लाई सक्रिय रूपमा देश र जनताको हितमा चल्न दिनु जरुरी छ। यसका लागि दल र तिनका नेताले स्वार्थको राजनीति पूर्णतः बन्द गर्नुपर्छ।

● **हेमकुमार थापा**, भक्तपुर
hemkumarthapa72@gmail.com

स्यान्टुलाई बधाई तथा शुभकामना

'इतिहास रच्दै ओलम्पिकमा स्यान्टु' शीर्षकको समाचार पढ्दा खुसी लाग्यो। टेबलटेनिस खेलमा दक्षिण एसियाली छनोट चरण पार गरी पेरिस ओलम्पिकका लागि टेबुलटेनिसतर्फ पहिलोपटक छनोट हुन सफल भएकामा टेबुलटेनिस खेलाडी स्यान्टु श्रेष्ठलाई हार्दिक बधाई तथा ओलम्पिकमा सफल सहभागिताका लागि शुभकामना छ। यसरी छनोट चरण पार गरेर खेलाडीहरू ओलम्पिकमा सहभागी हुने क्रम बढ्दै गयो भने देशमा खेलकुद क्षेत्रको विकासमा लगानी भित्रिने तथा प्रतिभाहरू आकर्षित हुने सम्भावना बढ्न सक्छ।

● **सुजिता केसी**
बबरमहल, काठमाडौं

कति फुटाउँछौ मन्त्रालय ?

बागमती प्रदेशमा सत्ता साझेदार दलबीच भागबन्डा मिलाउन मन्त्रालय फुटाएर १२ बाट १३ पुऱ्याइएको समाचार पढ्दा दुःख लाग्यो। एउटा मन्त्रालय फुटाउँदा राज्यलाई कति आर्थिक भार पर्छ, त्यसको कुनै लेखाजोखा नगरी यसरी दलहरूले आफ्नो पैतृक सम्पत्तिजस्तो गरी मन्त्रालय फुटाएर भागबन्डा लगाउन थालेपछि यो प्रदेश संरचना तत्काल खारेज गर्नुपर्छ भन्ने आवाजले बल पाउँदै गएको हो। राज्यलाई अतिरिक्त व्ययभार पर्ने गरी यसरी दलहरूले आफूखुसी मन्त्रालय थप्न पाउने व्यवस्था खारेज गर्नुपर्छ।

● **अपूर्व यादव**
कलंकी, काठमाडौं

बोलेर मात्र हुँदैन, काम गरेर देखाऊ

नेता भनेको बोल्नैका लागि हो भन्ने प्रमाणित नेताहरूले गरेका छन्। चिल्ला बोल्ने, अहिले नै सबै काम पूरा गर्छु जस्तो गर्ने, तर गर्ने वेलामा चाहिँ केही नगर्ने नेताहरूको रबैयाले जनता दिक्क भइसकेका छन्। सबभन्दा असल मानिने तन्त्र गणतन्त्रमै नेताहरूले कालो दाग लगाइसके। बोल्नचाहिँ सबै नेताहरू एकसेएक माहिर छन्। तर, कामले भने तिनले माखो मारेनन्। देश र जनताका लागि भन्छन्, आफू र आफन्तलाई पोस्छन्। के यही हो लोकतान्त्रिक संस्कार ? नेताहरूका कारण जनतामा नैराश्य छाएको छ। एकले अर्कालाई आरोप लगाउने संसद् बन्द गर्नबाहेक केही जानेनन्। संसद् अवरुद्ध गरेपछि छलफलचाहिँ कहाँ गर्ने ? तलबभत्ता मजाले खाने अनि संसद् बन्द गर्ने यो तरिका ठीक भएन। एमाले सरकारमा छँदा कांग्रेसले बन्द गर्ने र कांग्रेस सरकारमा छँदा एमालेले बन्द गर्ने। सरकारले प्रतिपक्षीको आवाज नसुन्ने भएपछि देशको अवस्थामा सुधार आउँछ ?

यति वर्ष जेल बसेँ, उति वर्ष जेल बसेँ भनेर हुँदैन। हिजो जेल बसेको ब्याज खाएर बस्ने कि जनताका लागि केही गर्ने भनेर प्रश्न गर्ने वेला आएको छ। जनता सिटामोल खान नपाएर मरिरहेका छन्। गाउँगाउँमा सिंहदरबार भन्ने नारा गुन्जेर के गर्नु ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

स्त्रीहत्याविरुद्ध विशेष कानुन आवश्यक

स्त्रीहत्यालाई कम गर्न र यसको दीर्घकालीन समाधान खोज्न समुदायका सदस्यको पैरवी र सक्रिय सहभागिता आवश्यक पर्छ

देश / विदेश

● मधुमिता पाण्डे

राष्ट्रसंघको तथ्यांकअनुसार हरेक एक घन्टामा औसत पाँच महिला वा बालिकाको आफ्नै परिवारका सदस्यबाट हत्या हुने गर्छ। र, प्रायः यी हत्या महिला भएकै कारण हुने गरेको देखिन्छ। केही देशले लैंगिक हिंसाको चरम अपराध स्त्रीहत्या (फेमिसाइड) लाई अपराधीकरण गर्नका लागि विशेष कानुन पारित गर्दै छन्। 'फेमिसाइड' शब्दको पहिलो दस्तावेजीकृत प्रयोग आइरिस लेखक जोन कोरीको सन् १८०१ मा प्रकाशित पुस्तक 'अ स्यटाइरिकल भ्यु अफ लन्डन एट द कमेन्समेन्ट अफ द नाइन्टिन्थ सेन्चुरी'मा महिलाको हत्याका सन्दर्भमा प्रयोग गरिएको थियो। यो शब्दलाई सन् १९७० मा डायना इएच रसेलले पुनः प्रचलनमा ल्याएकी थिइन्। महिला हिंसा विषयकी विशेषज्ञ रसेलले पुरुषले गर्ने हिंसा र महिलाविरुद्ध विभेदका सम्बन्धमा काम गरेकी थिइन्।

स्त्रीहत्याको सर्वस्वीकार्य परिभाषा नभए पनि महिला वा बालिकालाई महिला वा बालिका भएकै कारण हत्या गर्नुलाई स्त्रीहत्या भनिन्छ। अन्तरंग साथी (श्रीमान् वा ब्वाइफ्रेन्ड) ले हिंसा गर्दा हुने महिलाको हत्या वा 'इज्जत'का नाममा परिवारका सदस्यले गर्ने महिलाको हत्यालाई स्त्रीहत्याको उदाहरणका रूपमा लिन सकिन्छ। राष्ट्रसंघले सन् २०१३ मा ६८/१९१ संकल्प प्रस्ताव पारित गरेपछि सबै मुलुकलाई महिला र बालिकाको लिंगप्रेरित हत्याविरुद्ध कारबाही गर्न आह्वान गरेको थियो। धेरै उच्च आय भएका देशले स्त्रीहत्यासम्बन्धी कानुन निर्माण गरेका थिए।

सन् २०२२ मा साइप्रसले दण्ड संहितामा स्त्रीहत्यालाई एक पृथक् अपराध मान्यो र सजाय निर्धारण गर्दा लिंगप्रेरित नियतलाई पनि आधार मानियो। सोही वर्ष माल्टाको फौजदारी संहितामा स्त्रीहत्यालाई पृथक् अपराधका रूपमा समावेश गरिएको थियो। स्त्रीहत्या अब हत्याको अपराधको उत्प्रेरणा पनि मान्न सकिन्छ र यस्तो अवस्थामा न्यायाधीशले सजायको उच्चतम रूप अर्थात् आजीवन कारावासको सजाय दिन सक्छन्। स्त्रीहत्यालाई लिएर विशेष कानुन बनाउने सबैभन्दा पछिल्लो मुलुक क्रोएसिया हो, जहाँ स्त्रीहत्याको अपराधमा १० वर्ष वा बढीको जेल सजाय हुने गर्छ।

ल्याटिन अमेरिका र क्यारिबियन मुलुकमा बालिका र महिलाको घृणाप्रेरित हत्याको दर उच्च छ। यस क्षेत्रका ३३ देशमध्ये १८ देशले स्त्रीहत्यालाई छुट्टै द्वेष अपराधका रूपमा वर्गीकरण गर्ने नयाँ कानुन बनाएका छन्।

कोस्टारिका सन् २००७ मा स्त्रीहत्यालाई कानुनी रूपमा परिभाषित अपराध बनाउने पहिलो मुलुक हो। यहाँ आफ्नी पत्नी वा गर्लफ्रेन्डको हत्या गर्ने व्यक्तिलाई २० देखि ३५ वर्षको जेल सजाय हुन सक्छ। यसबाहेक शारीरिक दुर्व्यवहार र स्वतन्त्र विचरणविरुद्ध हुने निगरानीमा पनि विशेष सजाय तोकिएको थियो। लन्डनको क्विन मेरी विश्वविद्यालयको प्रतिवेदनले मेक्सिकोलाई नमुना अध्ययनका रूपमा प्रयोग गर्दै मुलुकमा स्त्रीहत्यामा आएको कमी कानुनी उपायका कारण मात्रै भएको होइन भन्ने जनाएको छ। यो प्रतिवेदनको खोजले स्त्रीहत्याको जटिल प्रकृतिलाई लैंगिक हिंसाको गम्भीर अभिव्यक्तिका रूपमा बुझ्नका लागि एक बहुमूल्य संयन्त्रको रूपमा काम गर्छ र स्त्रीहत्यालाई थप प्रभावकारी रूपमा सम्बोधन गर्न मद्दत गर्छ। मुख्य समस्यामध्ये एक भनेको स्त्रीहत्याको संख्याको गलत वर्गीकरण हो। धेरै अवस्थामा अन्तरंग साथी वा परिवारका सदस्यबाट मात्रै हुने महिला वा बालिकाको लिंगप्रेरित हत्यालाई स्त्रीहत्याको रूपमा गणना गरिन्छ। यसले महिलाको यौनांग विच्छेदन (जेनिटल म्युटिलेसन), यौन झुकावसँग जोडिएका द्वेषी अपराध र आदिवासी महिलाको हत्याजस्ता गलत अभ्यासका रूपमा हुने स्त्रीहत्याको समाचारलाई अदृश्य बनाइदिन्छ। यसबाहेक स्त्रीहत्याको प्रायः गिरोह र संगठित अपराधका अन्य रूपसँग सम्बन्ध हुने गर्छ, जसले स्त्रीहत्याको मामिलालाई सम्बोधन गर्न र रोक्नमा अवरोध पुऱ्याउँछ।

तस्बिर : ओरेस्टिस पेनेगियोटु/इपिए

कोस्टारिकाले स्त्रीहत्याको विस्तारित परिभाषा कानुनमा समावेश गरेर यो समस्यालाई सम्बोधन गर्न खोजेको छ, जसमा विश्वास, मित्रता, अधिकार वा शक्तिसँग जोडिने स्त्रीहत्या समावेश छन्। यसले अपराधी र पीडितबीच 'अन्तरंग' सम्बन्ध नभए पनि महिलाविरुद्धको अपराधलाई सजाय दिन सम्भव बनाउँछ। नतिजा हाल कोस्टारिकामा छिमेकी ग्वाटेमाला, एल साल्भाडोर र मेक्सिकोको तुलनामा स्त्रीहत्याको दर न्यून छ।

विश्वभरका मुलुकका सामाजिक र राजनीतिक परिस्थिति भिन्न हुन सक्छन्। तर, यी स्त्रीहत्याविरुद्ध लड्ने धेरै उपाय छन्, जुन विश्वव्यापी छन्। 'स्त्रीहत्या' शब्दले राजनीतिक अर्थ पनि बोकेको छ। ल्याटिन अमेरिकामा यसलाई महिला र बालिकाको हत्याको सम्बन्धमा सरकारको जवाफदेहिताको कमीलाई जनाउन प्रयोग गरिन्छ।

स्त्रीहत्याको अवधारणाले राज्यको दोष र लैंगिकतामा आधारित हिंसाप्रतिको अपर्याप्त प्रतिक्रियालाई जोड दिन्छ। स्त्रीहत्या अवधारणाले राज्यको जिम्मेवारी र महिलाविरुद्धको यो हिंसालाई सम्बोधन गर्न नसकेको वा पर्याप्त ध्यान दिन नसकेको तथ्यलाई उजागर गर्छ। यो विशेषतः त्यतिखेर उल्लेखनीय हुन्छ, जब महिला एवं बालिकाको बलात्कार र हत्या युद्धको क्रूर रणनीतिका रूपमा प्रयोग गरिन्छ। केही समययता युक्रेन यसको उदाहरण बनेको छ।

धेरैजसो स्त्रीहत्या वर्तमान वा पूर्वश्रीमान् वा अन्तरंग साथीबाटै हुने गर्छ भन्ने तथ्यलाई ध्यानमा राखेर विषाक्त पुरुषत्वलाई सम्बोधन गर्न र लैंगिक समानतालाई प्रवर्द्धन गर्न आवश्यक छ। स्पष्ट रूपमा हामीले महिला र बालिकाविरुद्ध हुने हिंसाविरुद्ध लड्न कानुनी ढाँचाभन्दा बाहिर जानुपर्छ। यसमा स्त्रीहत्यालाई कम गर्नका लागि दीर्घकालीन समाधान सिर्जना गर्न समुदायका सदस्यको पैरवी र सक्रिय सहभागिता आवश्यक पर्छ।

(पाण्डे सेफेल्ड हलाम विश्वविद्यालयकी अपराधशास्त्रकी वरिष्ठ लेक्चरर हुन्)
द कन्भर्सेसनबाट

पाकिस्तानले सबै सरकारी संस्थान निजीकरण गर्ने

इस्लामाबाद/ पाकिस्तानले देशका रणनीतिक सार्वजनिक संस्थानबाहेक सबै सरकारी स्वामित्वमा रहेका संस्थान निजीकरण गर्ने देशका प्रधानमन्त्री सहबाज सरिफले मंगलबार बताएका छन् । यसअघि सरकारले घाटामा रहेका सरकारी संस्थान मात्र बेच्ने योजना अघि सारेकोमा अहिले त्यसलाई थप विस्तार गरेको छ । प्रधानमन्त्रीले घाटामा रहेका सार्वजनिक प्रतिष्ठानको निजीकरणको प्रक्रियासम्बन्धी समीक्षा बैठकको नेतृत्व गरेपछि यो घोषणा आएको प्रधानमन्त्री कार्यालयले जारी गरेको वक्तव्यमा उल्लेख छ । बैठकमा सन् २०२४ देखि २०२९ बीचमा ती संस्थानको निजीकरण सम्पन्न हुने रोडम्यापबारे छलफल भएको पनि कार्यालयले जनाएको छ ।

'नाफामा होस् वा घाटामा, सरकारी स्वामित्वमा रहेका सबै संस्थानलाई निजीकरण गरिनेछ,' सरिफले भने । कम्पनीको निजीकरणले देशका करदाताको पैसा जोगिने उनले बताए । यस निजीकरणमा देशका रणनीतिक क्षेत्रका उद्यम भने समावेश नगरिने उनले जानकारी दिए । तथापि सरकारले कुन क्षेत्र रणनीतिक हो, कुन गैररणनीति हो भन्ने स्पष्ट गरेको छैन । गत महिना पाकिस्तानले तीन अर्ब डलरको 'स्ट्यान्डबाई व्यवस्थापन'को सर्त पूरा गरेपछि अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले इस्लामाबादसँग नयाँ दीर्घकालीन विस्तारित कोषका लागि वार्ता सुरु गरेको एक दिनपछि यो घोषणा आएको हो ।

लामो समयदेखि आर्थिक संकटसँग जुधिरहेको पाकिस्तानको स्थिति सुधारका लागि आइएमएफले सिफारिस गरेका विभिन्न सुझावमध्ये एक घाटामा चलिरहेका सरकारी संस्थानको निजीकरण पनि थियो । आइएमएफका अनुसार पाकिस्तानमा सरकारी संस्थानको हिस्सा छेउछाउका अन्य मुलुकको तुलनामा निकै ठूलो छ । सन् २०१९ मा त्यहाँको सरकारी संस्थानले देशको कुल गार्हस्थ उत्पादनमा ४४ प्रतिशत हिस्सा ओगटेको थियो ।

अहिलेसम्मको सफलता

पाकिस्तानमा विगतमा चलेका निजीकरण अभियान कमजोर राजनीतिक इच्छाशक्तिले प्रभावकारी हुन नसकेको बजार पर्यवेक्षकहरू बताउँछन् । इस्लामाबादले वर्षौंदेखि घाटामा चलिरहेका सार्वजनिक संस्थानलाई टिकाइराख्न अर्बौं डलर खर्चर्दै आएको छ । पाकिस्तानमा सबैभन्दा धेरै घाटामा चलेको संस्थानमध्ये एक 'पाकिस्तान इन्टरनेसनल एयरलाइन्स (पिआइए)' पनि समावेश छ, जुन बिक्रीको अन्तिम चरणमा छ । पाकिस्तानले यसअघि नै २५ संस्था वा तिनको सम्पत्तिलाई निजीकरणको सूचीमा राखेको छ । हाल निजीकरणका लागि खुला गरिएका संस्थानमा धेरै ऊर्जा क्षेत्रका संस्थान छन्, जसमध्ये दुईवटा ऊर्जा संयन्त्रले १२ सय मेगावाटभन्दा बढी बिजुली उत्पादन गरिरहेका छन् । सूचीमा न्युयोर्कको म्यानहट्टनमा रहेको मूल्यवान् रुजवेल्ट होटल र दुई बिमा कम्पनी पनि समावेश छन् ।

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

भद्र बहादुर खत्रीको नाति, भीम बहादुर खत्रीको छोरा लुम्बिनी प्रदेश बर्दिया जिल्ला गुलरिया गाउँपलिका वडा नं. ३ बस्ने दल बहादुर खत्रीले यस शाखामा बचत खाता नं. १९५१५२४००५००८४ संचालन गर्दै आउनु भएकोमा मिति २०८०-१२-२१मा निज खातावाला दल बहादुर खत्रीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको पत्नी नाता पर्ने इन्द्रकला खत्रीलेमृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक दल बहादुर खत्रीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको नेपालगंज शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL
नेपालगन्ज शाखा, बाँके, फोन नम्बर : ०८१-४१५१२५

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

त्रिवेणी प्रसाद वर्माको नाति, देवा राम कुर्मीको छोरा लुम्बिनी प्रदेश बाँके जिल्ला गुर्वागांव गाउँपलिका वडा नं. ५ बस्ने राधे श्याम वर्माले यस शाखामा बचत खाता नं. १९५१५२४२५०००१९ संचालन गर्दै आउनु भएकोमा मिति २०२३/०४/०६ मा निज खातावाला राधे श्याम वर्माको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको पत्नी नाता पर्ने सर्जिवन वर्माले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक राधे श्याम वर्माको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको नेपालगंज शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL
नेपालगन्ज शाखा, बाँके, फोन नम्बर : ०८१-४१५१२५

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/०२/०४)

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वितीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण	
१. अल्का ज्वेलर्स प्रा.फ.द.प्र.प.नं. : ८५००/२२५/०७२/७३ ठेगाना : क्षिरेश्वरनाथ ०५, धनुषा **कर्जा शीर्षक : विविध कर्जा**	**१. रेणु साह** (ना.प्र.नं. १७ १०९२/७२८, मिति २०७०/०३/१३ मा जि.प्र.का. धनुषाबाट जारी भएको) पति : दिपेन्द्र कुमार साह ससुरा : देव नारायण साह	**२. दिपेन्द्र कुमार साह** (ना.प्र.नं. २८३२९११३, मिति २०५८/०६/२५ मा जि.प्र.का. धनुषाबाट जारी भएको) बाबु : देव नारायण साह बाजे : मुनि साह तेली
धितोको विवरण		
१. रेणु साहको नाममा धनुषा जिल्ला मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर गा.वि.स./न.पा. वडा नं. १(ग) स्थित कि.नं. ११११ (०-१-३-८ विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । २. दिपेन्द्र कुमार साहको नाममा धनुषा जिल्ला मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर गा.वि.स./न.पा. वडा नं. १(ग) स्थित कि.नं. ५०३३ (०-०-५-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । ३. दिपेन्द्र कुमार साहको नाममा धनुषा जिल्ला मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, सखुवा गा.वि.स./न.पा. वडा नं. १(ग) स्थित कि.नं. १२५(०-०-१०-० विगाहा) र कि.नं. ३०३(०-०-१०-१२ विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।		

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण	
२. बानिया किराना पसल प्रा.फ.र.नं. : १९९७/०७४/७५ ठेगाना : बेनी न.पा. ०५, म्याग्दी **कर्जा शीर्षक : डिमाण्ड कर्जा**	**१. भरत कुमारी बानिया** (ना.प्र.नं. ४९३०१७/२३, मिति २०६३/११/१८ मा जि.प्र.का. म्याग्दीबाट जारी भएको) पति : खड्क बहादुर बानिया ससुरा : उद बहादुर बानिया	**२. सुजन बानिया** (ना.प्र.नं. ४९-०१-७१-०४०८३, मिति २०७१/०८/१० मा जि.प्र.का. म्याग्दीबाट जारी भएको) बाबु : खड्क बहादुर बानिया बाजे : उद बहादुर बानिया
	३. खड्क बहादुर बानिया (ना.प्र.नं. ३३११, मिति २०४१/०४/२८ मा जि.प्र.का. म्याग्दीबाट जारी भएको) बाबु : उद बहादुर बानिया बाजे : लाल बहादुर बानिया	
धितोको विवरण		
भरत कुमारी बानियाको नाममा म्याग्दी जिल्ला मालपोत कार्यालय म्याग्दीमा दर्ता कायम रहेको म्याग्दी जिल्ला, पुला गा.वि.स./न.पा. वडा नं. ५(क) स्थित कि.नं. १५० (०-६-०-० रोपनी) र कि.नं. १५८ (२-१०-०-३ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।		

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण	
३. पार्बती फेन्सी स्टोर प्रा.फ.र.नं. : ५७७२/०७७/०७८ ठेगाना : बनेपा न.पा. ०९, काभ्रेपलाञ्चोक **कर्जा शीर्षक : आवधिक कर्जा**	**१. अप्सरा दुलाल** (ना.प्र.नं. १३२८२३, मिति २०६१/०८/२० मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको) पति : थील प्रसाद दुलाल ससुरा : बलभद्र दुलाल	**२. थील प्रसाद दुलाल** (ना.प्र.नं. ८३४९५, मिति २०५६/१/३० मा जि.प्र.का. काभ्रेबाट जारी भएको) बाबु : बलभद्र दुलाल बाजे : अरिविन्द दुलाल
	३. कोमल प्रसाद दुलाल (ना.प्र.नं. ३०-०१-७६-१०३६०, मिति २०७६/११/०६ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको) बाबु : थील प्रसाद दुलाल बाजे : बलभद्र दुलाल	

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण	
४. लक्ष्मी एण्ड राजेश कृषि तथा वंगुर पालन फर्म प्राईभेट फर्म दर्ता नं. : १२२७५/०७८/०७९ ठेगाना : पाँचखाल न.पा. १०, बेला काभ्रेपलाञ्चोक **कर्जा शीर्षक : आवधिक कर्जा**	**१. राजेश परियार** (ना.प्र.नं. ०१-०६६-०२३०८, मिति २०६६/०५/०६ मा जि.प्र.का. काभ्रेबाट जारी भएको) बाबु : ढलक बहादुर परियार बाजे : सार्कि परियार	**२. मदन परियार** (ना.प्र.नं. ३० १०५६८४, मिति २०५८/१०/२८ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको) बाबु : ढलक बहादुर परियार बाजे : सार्कि परियार
	३. लक्ष्मी परियार (ना.प्र.नं. ३०-१०-७३-०६३६२, मिति २०७३/०४/१० मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको) पति : राजेश परियार ससुरा : ढलक बहादुर परियार	
धितोको विवरण		
मदन परियार र राजेश परियार संयुक्तको नाममा काभ्रेपलाञ्चोक जिल्ला मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, बालुवा गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. ३२१५(०-४-०-० रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।		

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण	
५. सम्राट कलेक्सन प्रमाण पत्र संख्या : ८/५४० ठेगाना : बनेपा ०८, काभ्रेपलाञ्चोक **कर्जा शीर्षक : आवधिक कर्जा**	**१. गंगा दुवाल** (ना.प्र.नं. २९-०१-०६६-०३२१३, मिति २०६६/०६/२१ मा जि.प्र.का. भक्तपुरबाट जारी भएको) पति : राम रंजित ससुरा : राजेन्द्र कुमार रंजित	**२. राम रंजित** (ना.प्र.नं.३० ३०१०५१/१५८२८३, मिति २०६३/१०/२३ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको) बाबु : राजेन्द्र कुमार रंजित बाजे : न्हुच्छे लाल रंजित
	३. सुखलक्ष्मी रंजितकार (ना.प्र.नं. ७०८९५/२११०, मिति २०५४/०३/२४ मा जि.प्र.का. काभ्रेबाट जारी भएको) पति : राजेन्द्र रंजितकार ससुरा : न्हुच्छे लाल रंजित	

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण	
६. राम्चे देवीस्थान कृषि फार्म प्राईभेट फर्म दर्ता नं. : १३०८४/०७८/०७९ ठेगाना : पाँचखाल ०९, काभ्रेपलाञ्चोक **कर्जा शीर्षक : मध्येकालिन कर्जा**	**१. पार्वती ठकुरी** (ना.प्र.नं. ४३०६२, मिति २०४९/०३/२९ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको) पति : मोती बहादुर ठकुरी ससुरा : मोहन बहादुर ठकुरी	**२. श्याम ठकुरी** (ना.प्र.नं. ३०-०१-७०-०९४२७, मिति २०७०/१०/०६ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको) बाबु : मोती बहादुर ठकुरी बाजे : मोहन बहादुर ठकुरी
धितोको विवरण		
पार्वती ठकुरीको नाममा काभ्रेपलाञ्चोक जिल्ला मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, साठीघर भगवती गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.नं. ५७७(२-९-३-२ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।		

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०८१/०२/०४

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय नेपालगंज, बाँकेबाट तपाई ऋणीले कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा ऋणी **श्री अल इसरा फुड प्रोडक्ट्स प्रा.लि.**को हकमा ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा मिति २०८०/०४/१५ को अभियान राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति २०८०/१०/०९ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना, र मिति २०८०/११/१६ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय नेपालगंज, बाँकेमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स आवधिक कर्जा

ऋणीको नाम : अल इसरा फुड प्रोडक्ट्स प्रा.लि.
रजिष्टर्ड ठेगाना : बढैयाताल गा.पा. वडा नं. ०८ बर्दिया
रजिष्ट्रेशन नं. : २६१८३४/०७७/०७८ (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर)
पान नं. : ६०९९९५४६४

कम्पनी सञ्चालकहरुको नाम र ठेगाना

१) नाम : **अब्दुल नसिर कुरैशी** बाबु : अब्दुल हमिद कुरैशी बाजे : अब्दुल मजीद कुरैशी ठेगाना : जैसपुर-०१, बाँके हालको ठेगाना : नेपालगंज उ.म.न.पा.-१६, बाँके ना.प्र.नं. : ६६-०१-६९-०५५१२ जारी मिति : २०६९/०८/१२ जि.प्र.का. : बाँके	२) नाम : **चौधरी उवैद अहमद** बाबु : शाहिद हुसैन बाजे : मोहम्मद हुसैन ठेगाना : नई बस्ती,बंकी, बाराबंकी उत्तर प्रदेश, इंडिया हालको ठेगाना : नई बस्ती,बंकी, बाराबंकी उत्तर प्रदेश, इंडिया पासपोर्ट नं. : जेड२६८३३४५ जारी मिति : १३/०१/२०१४ जारी गर्ने : लखनउ भारत गणराज्य (Republic of India)
३) नाम : **मोहम्मद इसराइल कुरैसी** बाबु : मोहम्मद हनीफ कुरैसी बाजे : मजिद कुरैसी ठेगाना : नई बस्ती,बंकी, नवाबगंज बाराबंकी उत्तर प्रदेश, इंडिया हालको ठेगाना : नई बस्ती,बंकी, नवाबगंज बाराबंकी उत्तर प्रदेश, इंडिया पासपोर्ट नं. : भि०३६३३८१ जारी मिति : ०९/१०/२०२० जारी गर्ने : लखनउ भारत गणराज्य (Republic of India)	४) नाम : **शाह खालिद** बाबु : अब्दुल सनद बाजे : अलबक्स कुरैसी ठेगाना : १२५ मोहल्ला, घसियारन टोला, नानपारा बहराइच उत्तर, प्रदेश इंडिया हालको ठेगाना : १२५ मोहल्ला, घसियारन टोला, नानपारा बहराइच उत्तर प्रदेश, इंडिया पासपोर्ट नं. : भि०१४७६०९ जारी मिति : ०९/०१/२०२० जारी गर्ने : लखनउ भारत गणराज्य (Republic of India)

जमानीकर्ताहरुको नाम र ठेगाना

१) नाम : **अब्दुल हमिद कुरैशी** बाबु : अब्दुल मजीद कुरैशी बाजे : हुसैनी कुरैशी ठेगाना : जैसपुर-०१, बाँके हालको ठेगाना : नेपालगंज उ.म.न.पा.-१६, बाँके ना.प्र.नं. : १४९७८ जारी मिति : २०६०/०७/०२ जि.प्र.का. : बाँके	२) नाम : **अकीला बानो कुरैशी** पति : अब्दुल हमिद कुरैशी ससुरा : अब्दुल मजीद कुरैशी बाबु : नुर मोहम्मद कुरैशी ठेगाना : नेपालगंज उ.म.न.पा.-२१, बाँके हालको ठेगाना : नेपालगंज उ.म.न.पा -१६, बाँके ना.प्र.नं. : ६६-०१-७३-०५७१९ जारी मिति : २०७३/१०/२० जि.प्र.का. : बाँके
३) नाम : **अब्दुल आदील कुरैशी** बाबु : अब्दुल हमिद कुरैशी बाजे : अब्दुल मजीद कुरैशी ठेगाना : जैसपुर-०१, बाँके हालको ठेगाना : नेपालगंज उ.म.न.पा.-१६, बाँके ना.प्र.नं. : ६६-०१-७४-००४९१ जारी मिति : २०७४/०१/२६ जि.प्र.का. : बाँके	४) नाम : **साहिन कुरैशी** पति : मोहम्मद वजिम कुरैशी ससुरा : अब्दुल मजीद कुरैशी बाबु : श्री बाउर कुरैशी ठेगाना : जैसपुर-०४, बाँके हालको ठेगाना : नेपालगंज उ.म.न.पा.-१६, बाँके ना.प्र.नं. : ६६१०३१/६६१ जारी मिति : २०६५/०९/२५ जि.प्र.का. : बाँके

माथि उल्लिखित सर्म्पूण ऋणकर्जाका लागि धितो राखिएको सम्पत्ति विवरण

१. धितो सुरक्षण धनीको नामः- (अल इसरा फुड प्रोडक्ट्स प्रा.लि.)

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट	कि.नं.	क्षेत्रफल (ब.मि.)	कैफियत
बर्दिया	कालीका	०३/०३४१०३५	१५०४	२०२६.८०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत ।
			१५३६	१४०६.१९	
			१५६२	१५०२.४८	
			१५६१	८८२.६०	
		३/०३४४५९	४८३	६६१०	

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालय नारायणहिटी पथ, दरबारमार्ग वा सम्बन्धित शाखा कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

लिलाम खोलिने मिति :- २०८१/०२/१३, आइतबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय नेपालगंज, बाँके

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौ, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

इतिहासमा आज

मे १७

सन् २००७ : कोरिया युद्धपछि पहिलोपटक उत्तर कोरियाबाट हिँडेका रेल दक्षिण कोरिया पुगे । दुई देशबीच भएको सहमतिअनुरूप नै ती रेलयात्रा भएको थियो ।

सन् १७५६ : बेलायतले फ्रान्समाथि युद्ध घोषणा गरेसँगै सातवर्षे युद्ध सुरु भयो ।

सन् १८२४ : स्वच्छन्दवादी अभियानका केन्द्रीय व्यक्तित्व कवि लर्ड वाइरन (पूरा नाम जर्ज गोर्डन वाइरन) का ६ मित्रले उनका डायरी जलाइदिए । यसलाई 'साहित्यिक इतिहास'को सबैभन्दा ठूलो अपराधका रूपमा व्याख्या गरिन्छ ।

सन् १८६१ : स्कटिस वैज्ञानिक जेम्स क्लार्क म्याक्सवेलले लन्डनस्थित रोयल इन्स्टिच्युटअघि विश्वको पहिलो रंगीन फोटो प्रस्तुत गरे ।

सन् १८८४ : अलास्का औपचारिक रूपमा अमेरिकी भूमि बन्यो । यो विशाल भूमि १७ वर्षअघि रुसले अमेरिकालाई ७२ लाख डलरमा बेचेको थियो (मुद्रास्फीति मिलान गर्दा सन् २०२३ यो रकम १२.९ करोड डलरजति हुन आउँछ ।)

सन् १९०२ : ग्रिक पुरातत्त्वविद भ्यालेरियोस् स्टेइसले 'एन्टिकिथेरा मेकानिजम' नामक प्राचीन यान्त्रिक कम्प्युटर पत्ता लगाए ।

सन् १९९० : विश्व स्वास्थ्य संगठनले समलैंगिकतालाई मानसिक रोगको सूचीबाट हटायो ।

थाइल्यान्डको राजधानी सार्नुपर्ने जोखिम बढ्यो

ऋणीको विवरण	धितोको विवरण
नाम : तिर्थ माया महर्जन ठेगाना : का.जि.का.म.न.पा. वडा नं. १५ छाउनी पति : राजभाई महर्जन ससुरा : जित नारायण महर्जन कर्जा शिर्षक : घर कर्जा	का.जि.का.म.न.पा. वडा नं. १३ सि.नं. १०२-११०२-०९ कि.नं. ४९ क्षे.फ. ०००८१.५० ब.मी. जग्गा र सो मा बनेको घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापत

जय माता भगवती वचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा. वडा नं. १५, डल्लु, काठमाडौं ।
फोन नं. ५-३७०३९९, इमेल : jambsco@gmail.com

नेपाल फार्मेसी परिषद्को

घर बहाल सम्बन्धी सूचना

प्रकाशित मिति २०८१/०२/०४ गते

यस नेपाल फार्मेसी परिषद्को मिति २०८०/०४/१४ को बैठकको निर्णय बमोजिम परिषदको कार्यालय प्रयोजनको लागि तपसिल बमोजिमको घर बहालमा लिन आबश्यक परेकोले घर बहाल दिन इच्छुक घरधनी / संस्था बाट आफुले दिन चाहेको घरको मासिक बहाल रकम नेपाली रुपैया (अंक र अक्षर दुबैमा खुलाई) यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय खुलेको समय ५:०० बजे सम्ममा तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही यस परिषद्को कार्यालयमा प्रस्ताब पेश गर्नुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:-

१. औषधि व्यवस्था विभाग, बिजुलीबजारको कार्यालय देखि ५ देखि ७ कि.मि. वरपरसम्म ।
२. प्रस्तावित घर ३५०० देखि ४५०० वर्ग फिट क्षेत्रफल भएको पर्याप्त उज्यालो भएको हुनुपर्नेछ । साथै उक्त घरमा बिजुली, पानी र पार्किङको प्रयाप्त सुबिधा हुनु पर्ने ।
३. बहाल दिने घरको फोटो, नक्सापास प्रमाणपत्र, जग्गाधनी प्रमाणपत्र, घरधनीको नागरिकताको प्रतिलिपि पेश गर्नु पर्ने ।
४. घर भाडामा लिने/ नलिने सम्पूर्ण अधिकार परिषद्मा निहित रहनेछ ।
५. प्रस्तावित मासिक दररेटमा बहाल रकममा लाग्ने प्रचलित कानुनले तोके बमोजिमको कर समावेश भएको हुनुपर्नेछ ।
६. परिषद्को आवश्यकतालाई ध्यानमा राखी उल्लेखित शर्तहरुमा थपघट गर्न सकिनेछ ।
७. अन्य जानकारीको लागि परिषद्को कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

नेपाल फार्मेसी परिषद
बिजुलीबजार, काठमाडौं, फोन नं.: ०१४७९०७४७
वेबसाईट: www.nepalpharmacycouncil.org.np

प्रधानमन्त्रीले ७ जेठमा विश्वासको मत लिने

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले ७ जेठमा विश्वासको मत लिने भएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बिहीबार संघीय संसद् सचिवालयलाई पत्र पठाएर प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिने भएकाले कार्यसूचीमा राखिदिन अनुरोध गरेको हो ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले प्रधानमन्त्री कार्यालयबाट विश्वासको मत प्रयोजनका लागि पत्र आएको जानकारी दिए । प्रधानमन्त्रीले प्रतिनिधिसभामा विश्वासको मतका लागि प्रस्ताव गर्नेछन् । बहुमतका लागि एक सय ३८ सांसदको समर्थन चाहिन्छ ।

सरकारमा सहभागी उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले ३१ वैशाखमा सरकारबाट समर्थन फिर्ता लिएको थियो । सरकारमा सहभागी दलले समर्थन फिर्ता लिए प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ ।

१० पुस ०७९ मा प्रधानमन्त्री भएका प्रचण्डले संसद्मा चौथोपटक विश्वासको मत परीक्षण गर्न लागेका हुन् । ३० फागुनमा तेस्रोपटक विश्वासको मत लिँदा प्रचण्डले एक सय ५७ सांसदको समर्थन प्राप्त गरेका थिए ।

२६ पुसमा पहिलोपटक विश्वासको मत लिँदा प्रतिनिधिसभामा दुई सय ६८ सांसदको अभूतपूर्व समर्थन पाएका प्रचण्डले एमालेसँगको सहकार्य तोड्दै कांग्रेससँग गठबन्धन बनाउँदा दोस्रोपटक ६ चैतमा एक सय ७२ सांसदबाट विश्वासको मत पाएका थिए । एक वर्षपछि कांग्रेससँगको सहकार्य तोडेर एमालेसँग जोडिँदा प्रधानमन्त्री प्रचण्डले एक सय ५७ मत प्राप्त गरेका हुन् । तेस्रोपटक संसद्मा विश्वासको मत परीक्षण गर्दा एमाले, माओवादी, रास्वपा, जसपा, एकीकृत समाजवादी, नागरिक उन्मुक्ति, आजपा, स्वतन्त्र (अमरेशकुमार सिंह र योगेन्द्र मण्डल) सांसदले समर्थन गरेका थिए ।

दल विभाजन भएर पाँच सिटको यादव नेतृत्वको जसपा नेपालले समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री प्रचण्डले चौथोपटक विश्वासको मत लिन लागेका हुन् । ७ सिटको अशोक राई नेतृत्वको जसपा भने समर्थन कायम राख्दै सरकारमा सहभागी छ । २३ वैशाखमा १२ सिटको जसपा नेपाल फुटेको थियो । प्रधानमन्त्री प्रचण्डलाई एमाले ७९, माओवादी केन्द्र ३२, रास्वपा २१, एकीकृत समाजवादी १०, जसपा सात, नागरिक उन्मुक्ति ४, आजपा एक र दुई स्वतन्त्र (अमरेशकुमार सिंह र योगेन्द्र मण्डल) सांसदको समर्थन छ ।

पेन्सन...

पृष्ठ १ बाट क्रमशः

विभागले यसका लागि हालै निवृत्तभरण व्यवस्थापन कार्यालयसँग सेवा अन्तरआबद्धतासम्बन्धी समझदारी गरेको छ । मंगलबार भएको छलफलमा राष्ट्रिय परिचयपत्रको विवरण निवृत्तभरण व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्ने समझदारी भएको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक युवराज कटेलले बताए । जसअनुसार राष्ट्रिय परिचयपत्र नम्बरका आधारमा अब निवृत्तभरण व्यवस्थापन कार्यालयले निवृत्तभरकहरूको विवरण अद्यावधिक गर्नेछ । पेन्सन र सामाजिक सुरक्षा भत्तामा परिचयपत्र नम्बर अनिवार्य गर्ने कानुन संशोधनको प्रक्रिया पनि अघि बढिसकेको महानिर्देशक कटेलले बताए ।

परिचयपत्र अनिवार्य गरिएपछि पेन्सनमा हुँदै आएको दोहोरोपन सिस्टमबाटै रोकिनेछ । पेन्सन लिने पूर्वराष्ट्रसेवकले सामाजिक सुरक्षा भत्ता लिन पाउँदैनन् । तर, हाल नियमन गर्ने सिस्टम नहुँदा धेरैले दोहोरो सुविधा लिइरहेका छन् । राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएपछि यसको सहजै ट्र्याक हुनेछ । 'यसबाट वर्षमा करिब एक अर्ब रुपैयाँ जोगिन्छ भन्ने हाम्रो अनुमान छ,' पञ्जीकरण विभागका एक अधिकारीले भने । हाल मृत्यु भइसकेका व्यक्तिको नाममा सुरक्षा भत्ता दुरुपयोग हुने गरेको छ । कतिपयले दोहोरोसमेत लिने गरेका छन् ।

काठमाडौं महानगरपालिकाले सबै वडामा गत ३१ वैशाखमा यससम्बन्धी परिपत्र गरिसकेको छ । जसअनुसार १ साउनदेखि काठमाडौं महानगरपालिकाभित्र सामाजिक सुरक्षा भत्ताको नयाँ दर्ता र नवीकरणका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य आवश्यक हुनेछ । सामाजिक सुरक्षा भत्ताको नवीकरण हरेक वर्ष गर्नुपर्ने हुन्छ । त्यसका लागि परिचयपत्र बनाउनु अनिवार्य छ ।

हालसम्म करिब डेढ करोड नागरिकले राष्ट्रिय परिचयपत्र नम्बर लिइसकेका छन् । ०६७ मा सुरु भएको यो परियोजनामा राज्यको दुई अर्बभन्दा धेरै खर्च भइसकेको छ । नागरिकता र पासपोर्टबाहेक अन्य सबै सरकारी परिचयपत्रको विवरण यसमै समावेश गर्ने योजनासहित बायोमेट्रिकसहितको परिचयपत्रको अवधारणा अघि बढेको हो ।

राष्ट्रिय परिचयपत्र विभागले बैंक खाता खोल्न पनि राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने गरी नेपाल राष्ट्र बैंकसँग छलफल अघि बढाएको छ । बैंक खातामा परिचयपत्र अनिवार्य गरिएमा सर्वसाधारणले केवाइसी (नो योर कस्टमर) फर्म भर्नुपर्दैन भने अरूको नाममा खाता खोलेर अवैध कारोबार गर्ने प्रवृत्ति पनि रोकिने विभागका अधिकारी बताउँछन् ।

सदनमा...

पृष्ठ १ बाट क्रमशः

ज्ञापनमा अवरोध गरेपछि सभामुखले बिहीबार ११ बजेलाई बैठक सारेका थिए । सहकारी प्रकरणमा संसदीय छानबिन समिति बनाउने र गृहमन्त्री लामिछानेले बोल्ने विकल्पमा सहमतिनजिक पुगेका सत्तापक्ष र प्रतिपक्षीले शीर्ष तहमा थप गृहकार्य गर्नुपर्ने भन्दै समय मागेपछि निर्धारित बैठक अपराह्न ४ बजेसम्मका लागि सारिएको थियो । त्यसपछि दलहरू समितिको कार्यादेश (टिओआर) बनाउने गृहकार्यतिर लागेका थिए ।

कांग्रेसले गृहमन्त्री लामिछानेको नामसहित उनी जोडिएका सहकारी पनि उल्लेख गरेर समिति बनाउनुपर्ने कार्यादेश प्रस्ताव गर्‍यो । रास्वपासहित सत्तापक्षले लामिछानेको नाम र सम्बन्धित सहकारीको नाम नराखी समग्र सहकारीको अपचलनको छानबिन गर्ने कार्यादेशको मस्यौदा बनायो । मस्यौदा बोकेर दुवै पक्ष सदन आए । यसबीचमा कांग्रेस सहमहामन्त्री जीवनबहादुर परियार र रास्वपा उपसभापति स्वर्णिम वाग्लेबीच पनि छलफल भयो । तर, कुरा नमिलेपछि शीर्ष तहमै संवाद गर्नुपर्ने निष्कर्ष निकालियो ।

कांग्रेसले आफ्नो मस्यौदा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई बुझायो । प्रधानमन्त्री प्रचण्डले एमाले अध्यक्ष ओली र रास्वपा सभापति लामिछानेसँग छलफल गरे । ओली र लामिछाने कांग्रेसको टिओआरमा सहमत भएनन् । 'सत्तापक्षले रवि लामिछाने र संलग्न भनिएका सहकारीको नाम राख्न चाहेन । प्रतिपक्षीले यसलाई छोड्न चाहेन । कुरा मिलेन,' संसद् सचिवालयका एक पदाधिकारीले भने, 'सत्तापक्षकै दबाबमा सदन चलेको हो । सिन हिजै आइसकेको थियो । सभामुखलाई दबाब थियो, अलि बढी पार्टी झुकाव देखियो ।'

दलहरूबीच कुरा नमिलेपछि सभामुखले बैठक चलाउन कांग्रेस प्रमुख सचेतकलाई सम्पर्क गरे । ४ बजे निर्धारण गरिएको बैठक दुई घण्टाभित्र चलाउन नसके सूचना टाँसेर स्थगित गर्नुपर्‍यो । कांग्रेस सचेतक सुशीला थिङले संसदीय समिति नबनी सदन चल्न नसक्ने भन्दै पार्टीको सन्देश सभामुखलाई सुनाइन् । साथै, समिति गठनमा सहमतिको विन्दु खोज्न कांग्रेसले बैठक शुक्रबारलाई सार्न प्रस्ताव गर्‍यो । तर, सत्तापक्षले मानेन । सभामुखको निर्देशनमा संसद् सचिवालयले घण्टी बजायो ।

संसद्मा ठ्याक्कै भएको के हो ?

सभामुखले बैठक प्रारम्भ गर्नासाथ कांग्रेस सांसदहरू आफ्नो सिटबाट दौडिएर वेल घेराउ गर्न पुगे । नाराबाजीबीच सभामुखले राष्ट्रपति कार्यालयको विधेयक प्रमाणीकरण र मन्त्रिमण्डल पुनर्गठनसम्बन्धी दुईवटा पत्र पढेर सुनाए । राप्रपा र लोसपा सांसदले पनि उठेर विरोध गरे ।

कांग्रेसको नाराबाजी चल्दै गर्दा सभामुखले गृहमन्त्री लामिछानेलाई बोल्न समय दिए । मन्त्रीहरूको रोहमा बायाँतिर पहिलो सिटमा बसेकी उपसभामुख इन्दिरा राना आफ्नो सिटबाट उठेर लामिछानेलाई निस्किन सहज बनाइन् ।

अर्कोतिर वेल घेराउ गरिरहेका कांग्रेस सांसद थप आक्रामक भए । उपसभापति धनराज गुरुङ उपसभामुख बस्ने सिटभित्रै प्रवेश गरेर उभिए, गृहमन्त्री लामिछानेको बाटो छेके । पछाडि बसेकी सञ्चारमन्त्री रेखा शर्माले 'यो उपसभामुखको ठाउँ हो, किन पस्नुभएको हो' भनिन् ।

छेउकै रोहमा पहिलो सिटमा बसेका एमाले अध्यक्ष केपी ओली पनि उठे । धनराजको काँधमा हातले कोट्याउँदै ओलीले भने, 'किन यहाँ पस्नुभएको, तपाईं यता पस्नुभएन । यो पस्ने ठाउँ होइन । यतातिर होइन उतातिर गर्नु ।' धनराजले औँला ठड्याउँदै प्रतिवाद गरे ।

वाद-प्रतिवाद हुँदै गर्दा वेलमा रहेका कांग्रेसका महिला सांसद दौडिएर आए । यतातिर ओलीसँगै उठेका एमाले सांसद पनि अगाडि आएर छेक्न थाले । महेश बर्तौला, ठाकुर गैरेलगायतले ओलीलाई प्रतिरक्षा गरेका थिए भने महिला सांसद 'केही भन्दै' आइरहेका थिए । यहीँ दुवै पक्षबीच केहीबेर धकेलाधकेल भयो ।

यहीबीचमा सभामुख घिमिरेले हतारहतार बैठक स्थगित गरे । अर्को बैठक शुक्रबार बिहान ११ बजेलाई तोकिदिएर निस्किए । बैठक स्थगित भए पनि केहीबेर कांग्रेस-एमाले घम्साघम्सी चलिरह्यो । कांग्रेसका आक्रामक महिला सांसद छेउमै रहेका प्रधानमन्त्री प्रचण्डसँग पनि बाझेका थिए ।

नेताहरूका अनुसार बाहिर निस्कने क्रममा कांग्रेस र रास्वपा सांसदहरूबीच पनि हात हालाहालको जस्तै अवस्था सिर्जना भएको थियो । संसद् भवनभित्र सभामुख र प्रधानमन्त्रीको कोठाको बीचमा हिँड्ने ठाउँमा बाहिर निस्कने क्रममा दुवै पक्षबीच जम्काभेट भएको थियो ।

रास्वपाले बोल्न पाउनुपर्‍यो, छलफल गर्नुपर्छ भन्दा उपसभापति गुरुङले 'सहकारी ठगसँग के कुरा गर्ने ?' भनेका थिए । रास्वपा उपसभापति डिपी अर्यालले 'के भन्या रे' भनेपछि दुवै पक्षबीच धकेलाधकेल भएको थियो । गृहमन्त्री लामिछानेलाई मर्यादापालकले जोगाएर बाहिर लगेका थिए ।

त्यसपछि प्रधानमन्त्री प्रचण्ड, एमाले अध्यक्ष ओली र गृहमन्त्री लामिछाने बसेर घटनाक्रमको समीक्षा गरेका थिए । सदनको घटनाक्रमपछि बिहीबार राति सत्तापक्ष र प्रतिपक्षीबीच कुनै संवाद भएको छैन । दुवै थप अडानमा जाँदा शुक्रबार बिहान ११ बजे तोकिएको बैठक अनिश्चित छ ।

एमाले सांसद ठाकुर गैरेले आफ्ना अध्यक्षमाथि अपशब्द बोल्दै दुर्व्यवहार भएको बताए । 'कांग्रेसका नेता उपसभामुखकै कुर्चीमा गएर अवरोध गर्नुभो । त्यो संसदीय मर्यादाका हिसाबले कुनै पनि हालतमा मिल्ने कुरा होइन । त्यसकै यतापट्टि हाम्रो अध्यक्ष हुनुहुन्थ्यो । उहाँले नम्रतापूर्वक तपाईंहरू वेलतिरै गएर विरोध गर्नुस्, यो विरोध गर्ने ठाउँ होइन भन्नुभो,' उनले भने, 'त्यही वेला अध्यक्षमाथि अपशब्द प्रयोग गर्ने, दुर्व्यवहार गर्ने, झम्टने प्रयास भयो । त्यो कुरा हाम्रा लागि सह्य थिएन । त्यो संसदीय मर्यादा र लोकतान्त्रिक चरित्रविपरीतको अशोभनीय गतिविधि हो । त्यसपछि हामी अध्यक्षको सुरक्षाका लागि र संसदीय मर्यादाविपरीतको विरोधमा प्रतिवाद गर्न उत्रियौँ ।'

तर, कांग्रेस उपसभापति गुरुङले भने घटनालाई अतिरञ्जित बनाइएको दाबी गरे । 'एमाले अध्यक्षले मलाई यहाँ नउभिनुस् भनेर बारम्बार भनिरहनुभएको थियो । मैले उहाँपट्टि फर्केर 'जबर्जस्ती गर्न पाइँदैन' भनेर नारा लगाएँ । उहाँले मलाई आफ्नै कार्यकर्तालाई आदेश गरेजसरी भन्नुभएको थियो । उहाँले ममाथि हातपात गरेको पनि होइन, मैले उहाँमाथि हातपात गरेको पनि होइन । तर, यसलाई अतिरञ्जित गराइयो,' उनले भने ।

तीन दलको सत्तासंघर्ष

पूर्वसभामुख दमननाथ ढुंगानाले सदनको दृश्य तीन दलको सत्तासंघर्ष भएको बताए । 'सत्तालाई केन्द्रविन्दु मानेर तीन ठूला दलको संघर्ष साह्रै चिन्तापूर्ण छ । बडो चिन्तापूर्ण परिस्थिति हो,' उनले भने, 'सांसदहरू कहिलेकाहीँ आवेगमा आउँछन् । आवेग नियन्त्रण गर्नुपर्छ । अमर्यादित, अशिष्ट व्यवहार हुनुहुँदैन, संयम हुनुपर्छ । केही न केही घटना त भइरहन्छ । तर, त्यो शिष्ट र मर्यादाजनक हुनुपर्छ । उत्तेजक हुनुहुँदैन । यो घटनाबाट शिक्षा लिँदै गएर दोहोर्‍याउनुहुँदैन ।'



पूर्वसभामुख ढुंगाना

ढुंगानाले एउटा सहमतिको बुँदा निकाल्नुपर्ने र प्रथमतः यो प्रधानमन्त्रीको जिम्मेवारी भएको बताए । 'किनभने क्याबिनेटको मिनिस्टरमाथि प्रश्न उठाइएको छ । त्यसकारण प्रधानमन्त्रीले कुनै एउटा मिलनविन्दु निकाल्नुहोला । बजेटको समय बाँकी भएकाले निकास निस्किएला । बजेट प्रभावित हुनुहुँदैन, हुनेछैन,' उनले भने ।

सदनपछि कसले के भने ?



• **रेखा शर्मा**, सञ्चारमन्त्री

कसैका विषयमा लामो समयसम्म प्रश्न उठाइरहने, तर स्पष्टीकरण दिनै नपाउने संसदीय व्यवस्थामा हुँदैन । बोल्न पाउनुपर्छ । कुरा राखिसकेपछि समाधान निस्किन्छ भन्ने प्रतिपक्षसँग पनि सहमति बनिसकेको थियो । पछि प्रतिपक्ष एकजुट हुन सकेनन् । जब गृहमन्त्रीलाई बोल्न समय दिइयो, त्यसपछि प्रतिपक्षी सांसद सत्तापक्षको रोभित्र छिर्नुभो, त्यसपछि राम्रो भएन । सरकारको रोभित्र छिर्न मिल्छ ?



• **डा. प्रकाशशरण महत**, प्रवक्ता, कांग्रेस

विपक्षी दल वेलमै आइसकेपछि सभामुखले सभा अगाडि बढाउन हुँदैन थियो । हाम्रो संसदीय इतिहासमा सबैभन्दा अमर्यादित काम सभामुखबाट पार्टी नेतृत्वको निर्देशनमा भयो । सत्तापक्षका नेताहरू आफ्नो सिट छाडेर प्रतिपक्ष भएतिर आउनुभयो । कांग्रेसले धैर्य राखेको छ, संसदीय मर्यादामा रहेर विरोध गरेको हो । संसद्मा मुठभेटको अवस्था आउनुको जिम्मेवार सरकार, गृहमन्त्री र सत्तारूढ दल हुन् । आगामी दिनमा सरकार कसरी अगाडि बढ्छ, त्यसको आधारमा कांग्रेस अगाडि बढ्छ ।

• **महेश बर्तौला**, प्रमुख सचेतक, एमाले

कांग्रेसले आजको संसद्मा घोर अलोकतान्त्रिक गैरराजनीतिक, असंसदीय व्यवहार प्रदर्शन गर्नुभो । अधिनायकवादी हर्कत आजको संसद्को बैठकमा प्रदर्शन गर्नुभो । संसद्लाई मुठभेडमा लैजाने, दादागिरी प्रदर्शन गर्ने काम गरेको छ । संसद्लाई मुठभेडको थलो नबनाऊँ । कांग्रेसले कहिलेसम्म संसद् अवरोध गरिरहने ? ज्यादतीपूर्ण व्यवहार गरिहनुभएको छ । भोलिदेखि हाउस अघि बढ्छ, सभामुखले बढाउनुपर्छ ।

तराईमा...

पृष्ठ १ बाट क्रमशः

सेल्सियस नाघेको छ । त्यसबाहेक मध्य र पूर्वी तराईको तापक्रम पनि बढ्दै गएको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका मौसमविद् शान्ति कँडेलका अनुसार वर्षा गराउने प्रणाली निष्क्रिय हुँदा देशभरकै तापक्रम बढ्दै गएको छ । 'वैशाखमा अन्य क्षेत्रको तुलनामा पश्चिम तराईमा कम पानी परेको थियो । अहिले तापक्रम पनि त्यस क्षेत्रमा बढी छ,' कँडेलले भनिन्, 'तराईमा यो साताभर नै तातो हावा र तातो हावाको लहर चल्ने देखिन्छ ।'

बिहीबार भैरहवाको अधिकतम तापक्रम ४१.४, नेपालगन्जको ४०.५ र धनगढीको ४० डिग्री सेल्सियस पुग्यो । बुधबार सबैभन्दा बढी तापक्रम टीकापुरमा ४०.५ डिग्री सेल्सियस मापन भएको थियो । मध्य र पूर्वी तराईमा भने पश्चिमको तुलनामा तापक्रम कम छ । बिहीबार सिमरा र विराटनगरको अधिकतम तापक्रम ३७.४, धरानको ३७.५ र जनकपुरको ३९.६ डिग्री सेल्सियस मापन भएको छ । 'मध्य तराईका केही क्षेत्रमा बिहीबार हल्का बादल लागेकाले तापक्रम धेरै बढ्न नसकेको हो । तर, अब त्यहाँ पनि तापक्रम बढ्ने देखिन्छ,' कँडेलले भनिन्, 'तापक्रम बढी हुने सिजन नै प्रि-मनसुन हो ।' यसअघि गत वैशाख पहिलो सातादेखि २० वैशाखसम्म तराईमा तातो हावा चलेको थियो ।

मोटरसाइकल हरायो

मिति २०८०/१२/२१ गते अ. विहान ७:०० देखि १२:०० बजेको समयमा का.जि. का.म.न.पा. १५ स्वयम्भु चिहानघाट बाट मेरो निम्न व्यहोरा भएको Gun grey रंगको 350 CC को बुलेट मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : किरण थापा
मो.सा.नं.: बा प्र ०३-०२-००१प ८१७७
चेसिस नं. : ME3U3S5C2KH693225
इन्जिन नं. : U3S5C2KH614061
सम्पर्क नं. : ९८४३१८९१७८

सर्टिफिकेट हरायो

मिति २०८१/१/२४ गते कुमारी पार्टी देखि सानोभर्‍याङ सम्म जाँदा मेरो PCL Nursing (TU) बाट जारी भएको मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : यशोदा राना
रजिष्ट्रेशन नं.: ४-१-५६-४५-२०१२
रोल नं. : १२३९
सम्पर्क : ९८१३१७७६४३

दर्ता नं. ३२४७/०६६/०६७ पान नं.३०४५२२३७८

प्रबुद्ध फुलबारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

फुलबारीनगर मार्ग कोटेश्वर- ३२, काठमाडौं
को

कर्जा चुक्ता गर्न आउने बारेमा १५ दिने अत्यन्त जरुरी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८१/०२/०४

प्रबुद्ध फुलबारी बचत तथा ऋण सहकारी संस्था लि. बाट लिएको कर्जाको शर्त बमोजित तपशिल बमोजिमका ऋणीले तिर्नु बुझाउन पर्ने ऋणको साँवा, ब्याज हर्जना र अन्य दस्तुर आदि नतिरी नबुझाई तपाईसंग भएको सम्झौताको शर्तहरु समेत उल्लघंन गरेको हुनाले तपाईलाई दिएको ऋणको साँवा, ब्याज, हर्जना एंव अन्य दस्तुर तिर्नको लागि २०८०/१२/१४ गते ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सहकारीलाई तिर्नुपर्ने साँवा, ब्याज, हर्जना एवं अन्य दस्तुर चुक्ता भुक्तानी नगेरेको हुँदा यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र तपाई यस सहकारी संस्थालाई तिर्नुपर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जना एवं अन्य दस्तुर समेत चुक्ता गरिदिनु होला । अन्यथा उल्लेखित समायावधि भित्र ऋणको सम्पूर्ण साँवा, ब्याज हर्जना एवं अन्य दस्तुर चुक्ता नगरेमा तपाइले यस सहकारी संस्थालाई ऋण सुरक्षण बापत धितो दिनु भएको तपसिलमा उल्लेखित जग्गा कानुन बमोजिम लिलाम बिक्री गर्नुको साथै ऋणीलाई कर्जा सूचना केन्द्रको कालो सुचिमा राख्ने लगायत सहकारी संस्थाले सम्बन्धीत निकायमा कानुन बमोजिम मुद्दा दायर गर्ने लगायतका कानुनी कारवाही गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ । यसका साथै धितोले ऋण असुल उपर नभएमा तपाईको एकाघर परिवारको नाममा रहेको नेपाल राज्य भित्रको कुनै पनि चल अचल सम्पत्तिबाट कानुन बमोजिम कर्जा असुल उपर गरिने ब्यहोरा जानकारी गराईन्छ ।

क्र.स.	ऋणीको बिबरण	धितोको बिबरण
१	**ऋणीको नाम: सागर के.सी** जिल्ला: हाल काठमाडौं, का.म.न.पा ३२ ना.प्र.नं. २८९०० ल.पु. बाबुको नाम : धन बहादुर के.सी. बाजेको नाम: रुद्र बहादुर के.सी.	**सागर कुमार के.सी.** को नाममा मालपोत कार्यालय लगनखेल, ललितपुमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला झरुवारासी वडा नं. ५ (हाल गोदावरी न.पा. वडा नं. १३) स्थित किता नं.३३७ को क्षेत्रफल ०-४-०-० (१२७.१८) व.मि. भएको जग्गा किता १

नबिल बैंक लिमिटेड, एस.एम.ई विभाग, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८१/०२/०४)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७९/१०/०६ को **नयाँ पत्रिका दैनिक** पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

तपसिल

ऋणी फर्म, फर्मका प्रोपाइटर तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा, मिति २०७३/०५/२९ मा प्रा.फ.र.नं १३०३८०/०७३/७४ अन्तर्गत दर्ता भएको **इन्सेप्सन क्लोथिङ स्टोर्स ।**
ठेगानाः ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं ३, पुल्चोक ललितपुर ।

ऋणी फर्मका प्रोप्राइटरः
पुर्ण बहादुर गुरुङको नाति दिल बहादुर गुरुङकी छोरी गोरखा जिल्ला मनकामना गा.वि.स. वडा नं २ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. ३ बस्ने नागरिकता नं.४४१०१७/३०६ , नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: गोरखा, मिति : बि.सं. २०६६/०३/१६ भएकी **प्रविना गुरुङ ।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरणः
१. राम बहादुर तण्डुकारको नाति लवकुश तण्डुकारको छोरा काठमाडौं जिल्ला काठमाडौ म.न.पा. वडा नं ३१ बस्ने नागरिकता नं.११९८/१४०५७, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: काठमाडौं, मिति : बि.सं. २०५५/०२/२८ भएको **सुजित तण्डुकार ।**
२. जित बहादुर तण्डुकारकी छोरी, राम बहादुर तण्डुकारकी बुहारी, लभकुस तण्डुकारकी श्रीमती काठमाडौं जिल्ला, काठमाडौं म.न.पा वडा नं. ३१ बस्ने, ना.प्र.नं. २५४/०४६ (जारी मितिः २०४६/०३/११, स्थान काठमाडौं) भएकी **राम प्यारी तण्डुकार ।**
३. जित बहादुर तण्डुकारको नाति राम बहादुर तण्डुकारको छोरा काठमाडौं जिल्ला काठमाडौ म.न.पा. वडा नं ३१ बस्ने नागरिकता नं.९०११, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: काठमाडौं, मिति : बि.सं. २०३१/०१/२७ भएको **लभकुश तण्डुकार ।**

धितोको विवरण

काठमाडौं जिल्ला, काठमाडौं म.न.पा वडा नं. २१ बस्ने **राम प्यारी तण्डुकार**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौ जिल्ला काठमाडौ म.न.पा वडा नं १० सिट नं १०२११८६१४ मा अवस्थित कि.नं. ५७६ क्षेत्रफल ०-४-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्यशर्तहरुः
१. बोलपत्र सम्वन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०२/१८ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०२/२० गते ३:०० बजे बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुनकुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफतगर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुर्‍याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलामबिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

Kalaiya Sub Metropolitan City
Office of Municipal Executive
Madhesh Province
Kalaiya, Bara

NOTICE OF INVITATION FOR BIDS

First Date of Publication: 2081/02/04(17th May 2024)

1. Kalaiya Sub Metropolitan City, Kalaiya, Bara invites electronic bids from eligible Nepalese bidders for the following works:

S.N.	Contract No.	Name of Contract	Cost Of Bid Document (NRs.)	Bid Validity Period	Bid Security Amount (NRs.)/ Validity Period
1	KSMC/NCB/ GOODS/ STORE-04-080/81	Supply and Delivery of Sanitary Pad and Sanitary Napkin Incineration Machine	3,000.00	90 days	1,62,000.00/ 120 days
	Deadline for Bid Submission:		2081/03/02 (16th Jun 2024) till 12:00 Noon		
	Date, Time and Place of Bid Opening:		2081/03/02 (16th Jun 2024) 2:00 PM at Kalaiya Sub Metropolitan City, Kalaiya, Bara		
	Account Number for Bid Document Purchase:		**Name of Bank:** Rastriya Banijya Bank, Kalaiya **Name of Office:** Office of Kalaiya Sub-Metropolitan City, Kalaiya Bara **Office Account no.:** 1260100301010004		
	Account Number for Bid Security Deposit:		**Name of Bank:** Rastriya Banijya Bank, Kalaiya **Name of Office:** Office of Kalaiya Sub-Metropolitan City, Kalaiya Bara **Office Account no.:** 1260100303000004		

3. Eligible bidders may obtain further information and inspect the bidding document at Kalaiya Sub-Metropolitan City, Kalaiya, Bara or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Pre-bid meeting shall be held on: 2081/02/18 (31st May 2024) 2:00 PM at Kalaiya Sub Metropolitan City, Kalaiya, Bara
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: www.bolpatra.gov.np/egp as specified in the Instructions to Bidders. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

Chief Administrative Officer

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
नयाँ पत्रिका

रोहित आइसिसी टी-२० विश्वकपका कान्छा कप्तान

विश्वकपमा सहभागी २० मध्ये पाकिस्तानबाहेकका १९ टोली घोषणा हुँदा रोहित सबैभन्दा कान्छा २१ वर्षका कप्तान हुन् । नेपालपछि अफगानिस्तानका कप्तान रसिद खान र बंगलादेशका नाजमुल हुसैन सान्तोको उमेर २५ वर्ष छ । विश्वकपको समूह 'डी'मा रहेको नेपालले ४ जुनमा नेदरल्यान्ड्ससँग पहिलो खेल खेल्नेछ ।

रमेश सुवेदी/नयाँ पत्रिका

अमेरिका र वेस्ट इन्डिजमा २ जुनदेखि हुने आइसिसी टी-२० विश्वकपमा नेपालका २१ वर्षीय रोहितकुमार पौडेल कान्छा कप्तान बनेका छन् । पाकिस्तानबाहेक १९ टोलीले १५ सदस्यीय टोली घोषणा गर्दा रोहित कम उमेरका कप्तान बनेका हुन् । नेपालपछि अफगानिस्तानका स्पिनर तथा कप्तान रसिद खान र बंगलादेशका नाजमुल हुसैन सान्तोको उमेर २५ वर्ष छ । एसिया कप खेल्दा पनि रोहित कान्छा कप्तान बनेका थिए । उनी कम उमेर १५ वर्षमै एकदिवसीय खेल्ने खेलाडी पनि हुन् । २० वर्षमै एकदिवसीय टोलीको कप्तानी गर्ने कीर्तिमान पनि रोहितको नाममा छ । उनले दुई वर्षदेखि नेपाली टोलीको कप्तानी गर्दै आएका छन् । पछिल्लोपटक वेस्ट इन्डिज 'ए'विरुद्ध शतक बनाएका थिए ।

दश वर्षपछि नेपालले दोस्रोपटक विश्वकप खेल्दै छ । रोहितले भने पहिलोपटक विश्वकप खेल्न लागेका हुन् । नेपाली टोलीबाट अलराउन्डर सोमपाल कामी मात्रै दुईपटक विश्वकप खेल्ने खेलाडी बन्दै छन् । रोहितसँगै नेपाली टोलीमा युवा खेलाडीको बाहुल्य छ । अधिकांश खेलाडीले उमेर समूहबाट खेलिसकेका छन् । उनले नेपालको यू-१९ टोलीका कप्तानीसमेत गरेका थिए । नवलपरासीका रोहितले २०१९ मा अमेरिकाविरुद्ध टी-२० आईमा डेब्यु गरेका थिए । उनले ४९ खेल खेल्दै एक हजार १०८ रन बनाएका छन् । विश्वकपको समूह 'डी'मा रहेको नेपालले नेदरल्यान्ड्ससँग खेल्दै प्रतियोगिता सुरुवात गर्नेछ । नेपालको समूहमा दक्षिण अफ्रिका, श्रीलंका र बंगलादेशसँगै नेदरल्यान्ड्स रहेका छन् ।

रसिद खान (२५ वर्ष), अफगानिस्तान

अफगानिस्तानको कप्तानमा अलराउन्डर रसिद खान छन् । अफगानिस्तानको उमेर समूहदेखि भारतको आइपिएलसम्म खेलेको अनुभव उनीसँग छ । रसिदले टी-२० आईमा ८५ खेल खेल्दै एक सय ३८ विकेट लिनुका साथै ४०३ रन बनाएका छन् । अफगानिस्तानले २०१० देखि २०२४ सम्म आइपुग्दा ६ पटक विश्वकप खेलेको छ । तर, सुपर १० बाट माथि बढ्न सकेको छैन ।

नाजमुल हुसैन सान्तो (२५ वर्ष), बंगलादेश

नाजमुल हुसैन सान्तोलाई बंगलादेश क्रिकेट बोर्डले विश्वकपसहित तीनै फर्म्याटका लागि कप्तान घोषणा गरेको छ । २५ वर्षका सान्तो बायाँहाते शीर्ष क्रमका ब्याटर हुन् । उनले टी-२० आईमा ३६ खेल खेल्दा ७५७ रन बनाएका छन् । उनले २०१९ मा जिम्बावेविरुद्ध टी-२० मा डेब्यु गरेका हुन् ।

वानिन्दु हसरंगा (२६ वर्ष), श्रीलंका

टेस्ट राष्ट्र श्रीलंकाले २६ वर्षीय वानिन्दु हसरंगालाई कप्तान घोषणा गरेको छ । उनी विश्व वरीयताको अलराउन्डरतर्फ शीर्ष दुईभित्र छन् । बंगलादेशका सकिब अल हसनपछि हसरंगा दोस्रो स्थानमा रहे । दायाँहाते ब्याटरले टी-२० आईमा ५४ खेल खेल्दा ८९५ रन बनाएका छन् । २०१९ मा न्युजिल्यान्डविरुद्ध डेब्यु गरेपछि १०४ विकेट हात पारेका छन् । २०१४ को विजेता श्रीलंकालाई दोस्रोपटक च्याम्पियन बनाउने जिम्मेवारी हसरंगालाई छ ।

स्कट एडवार्ड (२७ वर्ष), नेदरल्यान्ड्स

विकेटकिपरसमेत रहेका स्कट आन्द्रे एडवार्डलाई नेदरल्यान्ड्स क्रिकेट बोर्डले कप्तान घोषणा गरेको छ । पछिल्ला सिरिजमा नेदरल्यान्ड्सको कप्तानी एडवार्डले नै गर्दै आएका थिए । २७ वर्षका दायाँहाते ब्याटरले विश्वकप लिग-२ को खेलमा नेपाल भ्रमणमा रहँदा पनि टोलीको कप्तानी गरेका थिए । २०१८ मा आयरल्यान्डविरुद्ध डेब्युपछि एडवार्डले ५६ टी-२० आईमा ६७१ रन बनाएका छन् ।

अन्य टोलीका कप्तान र उमेर

- अकिब इल्यास (३२ वर्ष), ओमान
- ब्रायन मसाबा (३२ वर्ष), युगान्डा
- पाउल स्टर्लिङ (३३ वर्ष), आयरल्यान्ड
- केन विलियम्सन (३३ वर्ष), न्युजिल्यान्ड
- जस बटलर (३३ वर्ष), इंग्ल्यान्ड
- असद भाला (३६ वर्ष), पपुवा न्युगिनी
- साद विन जफर (३७ वर्ष), क्यानडा
- रोहित शर्मा (३७ वर्ष), भारत
- रिची बेरिंगटन (३७ वर्ष), स्कटल्यान्ड
- पाकिस्तान (घोषणा हुन बाँकी)



एडेन मारक्रम (२९ वर्ष), दक्षिण अफ्रिका

ओपनर दायाँहाते ब्याटर एडम केली मारक्रम दक्षिण अफ्रिकाको कप्तान हुन् । २९ वर्षीय उनलाई बोर्डले पहिलोपटक विश्वकप उपाधि जित्ने लक्ष्यसहित जिम्मेवारी सुम्पिएको हो । दुईपटकको उपविजेता भए पनि दक्षिण अफ्रिका उपाधिविहीन छ । २०१९ मा श्रीलंकाविरुद्ध डेब्युपछि उनले टी-२० आईका ३९ खेलबाट एक हजार ११८ रन बनाएका छन् । बलिङतर्फ पनि १८ विकेट लिएका छन् ।

गेर्हार्ड इरास्मस (२९ वर्ष), नामिबिया

नामिबिया क्रिकेट बोर्डले २९ वर्षीय अलराउन्डर गेर्हार्ड इरास्मसलाई कप्तान बनाएको छ । दायाँहाते ब्याटरले टी-२० आईमा ५७ खेल खेल्दा एक हजार ३३९ रन बनाएका छन् । बलिङतर्फ ४३ विकेट लिएका छन् । तेस्रोपटक विश्वकप खेल्दै गर्दा नामिबियाको लक्ष्य नकआउट चरणमा हुनेछ । गेर्हार्डमाथि बोर्डले समेत विश्वास गरेको छ ।

रोभम्यान पावेल (३० वर्ष), वेस्ट इन्डिज

इन्डियन प्रिमियर लिग (आइपिएल)मा राजस्थानका लागि खेलिरहेका दायाँहाते मध्यक्रमका ब्याटर रोभम्यान पावेल वेस्ट इन्डिजका कप्तान हुन् । २०१२ र २०१६ को उपाधि जितिसकेको वेस्ट इन्डिज तेस्रोपटक उपाधि जित्ने योजनामा छ । ३० वर्षीय पावेलले २०१७ मा पाकिस्तानविरुद्ध खेल्दै टी-२० आईमा डेब्यु गरेका हुन् । त्यसयता ७१ खेल खेल्दै एक हजार ३१२ रन बनाएका छन् । जसमा एक शतक पनि छ । बलिङतर्फ १३ इनिङ्समा पाँच विकेट लिएका छन् ।

मोनांक पटेल (३१ वर्ष), अमेरिका

विश्वकपमा डेब्यु गर्न लागेको घरेलु टोली अमेरिकाको कप्तानी मोनांक पटेलले गर्नेछन् । ३१ वर्षीय दायाँहाते ब्याटर तथा विकेटकिपर यिनले भारतको गुजरात यू-१६ र यू-१९ टोलीबाट खेलिसकेका छन् । २०१९ मा अमेरिकाको टी-२० टिमबाट डेब्यु गरे । युएईविरुद्ध डेब्यु गरेपछि २३ खेलमा ३८७ रन बनाएका छन् ।



मिचेल मार्स (३२ वर्ष), अस्ट्रेलिया

प्याट कमिन्सले अस्ट्रेलियालाई एकदिवसीय विश्वकप उपाधि दिलाएका थिए । यसपटक टी-२० विश्वकप जिताउने जिम्मेवारी मिचेल मार्सलाई छ । ३२ वर्षीय अल राउन्डर मार्सले अस्ट्रेलियाको बिग बास तथा आइपिएल लिग खेल्दै आएका छन् । उनले अस्ट्रेलियाबाट ५४ खेल खेल्दा एक हजार ४३२ रन बनाएका छन् । साथै, १७ विकेट हात पारेका छन् ।

अन्तर्राष्ट्रिय फुटबलबाट सुनील क्षेत्रीको सन्न्यास घोषणा

एजेन्सी

१९ वर्ष भारतीय फुटबलमा राज गरेका कप्तान तथा स्ट्राइकर सुनील क्षेत्रीले अन्तर्राष्ट्रिय फुटबलबाट सन्न्यास घोषणा गरेका छन् । क्षेत्रीले बिहीबार सामाजिक सञ्जालमा भिडियो सन्देश दिँदै ६ मेमा कुवेतविरुद्ध अन्तिम खेल खेल्ने जानकारी गराए । भारतले फिफा विश्वकप- २०२६ छनोटअन्तर्गत दोस्रो चरमा कुवेतविरुद्ध कोलकातामा खेल्दै छ । उनले भने, 'यो निर्णय पहिला घरपरिवारलाई सुनाएँ । बुबा खुसी भए पनि आमा र श्रीमती रोएका थिए,' ३९ वर्षीय क्षेत्रीले भने ।

२००५ मा पाकिस्तानविरुद्धको खेलमार्फत अन्तर्राष्ट्रिय डेब्यु गरेका स्ट्राइकर सुनीलले भारतका लागि एक सय ५० खेलमा ९४ गोल गरेका छन् । उनी अन्तर्राष्ट्रिय फुटबलमा सर्वाधिक गोल गर्ने तालिकामा चौथो स्थानमा छन् । क्षेत्रीअघि पोर्चुगिज स्टार क्रिस्टियानो रोनाल्डो (१२८), इरानी खेलाडी अली डेई (१०८) र अर्जेन्टिनी स्टार लियोनल मेसी (१०६) रहेका छन् । सुनीलले कोलकाताको मोहन बगानबाट फुटबल करिअर सुरु गरेका थिए । हाल इन्डियन सुपर लिग टोली बेंगलुरु फुटबल क्लबमा आबद्ध छन् । सुनीलले भारतका लागि चारपटक दक्षिण एसियाली फुटबल महासंघ (साफ) च्याम्पियन्सिप तथा तीनपटक नेहरू कप जितेका छन् ।

२००८ मा एएफसी च्यालेन्ज कप विजेता बनाएका सुनीलले भारतलाई २०११ को एसियन कपमा छनोट गराउन महत्त्वपूर्ण भूमिका खेलेका थिए । त्यसपछि भारत २०१९ र २०२३ को एसियन कपमा छनोट हुँदा पनि सुनीलले महत्त्वपूर्ण भूमिका खेलेका थिए । भारतीय फुटबलमा पुऱ्याएको योगदानका कारण तेलंगनाका सुनील अर्जुन र पद्मश्री अवार्डबाट सम्मानित भएका छन् । सुनील २०११ मा प्रतिष्ठित अर्जुन अवार्ड र २०१९ मा पद्मश्रीबाट समानित भएका थिए । २०२१ मा भारतको सर्वश्रेष्ठ खेलकुद समान खेलरत्न अवार्ड जितेका थिए । उनी यो अवार्ड जित्ने पहिलो भारतीय फुटबलर हुन् ।

पारा तेक्वान्दो टोलीले भियतनाममा खेल्ने

काठमाडौं/ नवौं एसियाली पारा तेक्वान्दो च्याम्पियनसिप (जी-४) २०२४ मा सहभागी हुन तीन खेलाडीसहित चार सदस्यीय नेपाली टोली भियतनामको दनाङ प्रस्थान गर्ने भएको छ । शुक्रबार प्रस्थान गर्ने टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले बिहीबार बिदाइ गरे । कविराज नेगी लामाको प्रशिक्षणमा पलेशा गोवर्धनले महिला ५७ केजीमुनि, भरतसिंह महताले पुरुष ५८ केजीमुनि र अमिर भ्लोनले पुरुष ६३ केजीमुनि तौल समूहमा प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगितामा ३१ राष्ट्रका खेलाडी सहभागी हुने बताइएको छ । घिसिङले उच्च प्रदर्शनका लागि खेलाडीलाई शुभकामना दिँदै तेक्वान्दोको विदेशी प्रशिक्षक भिकाउने विषयमा तेक्वान्दो संघले चाँडै प्रक्रिया पूरा गर्नुपर्नेमा जोड दिएका छन् । पलेशाले छनोट चरण पार गरेर पेरिस पारा ओलम्पिकमा सहभागिता निश्चित गरिसकेकी छिन् । छनोट चरण पार गरेर पारा ओलम्पिकमा सहभागिता पक्का गर्ने पलेशाले पहिलो र एक मात्र खेलाडी हुन् ।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Water Quality Improvement and Service Regulation Section
Panipokhari, Kathmandu

Notice of Intent to Award

(Date of Publication: 4 Jestha 2081)

It is informed to all that the following bidder has been selected for the following Bid under Water Quality Improvement Program as per the provision of Public Procurement Act 2063, Article 27(2).

Contract Identification No.	Name of bidder	Amount (Including VAT & PS) NRs.
DWSSM/WQISRS/NCB/080-81/Works-01: Supply, Installation and Commissioning of Single Dosing Chlorination Unit	Dev Engineering Pvt. Ltd., Budhanilkantha-08, Kathmandu	87,82,640.00

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय

विषयः आसयको सूचना

सूचना प्रकाशित मितिः २०८१/०२/०४

श्री सम्बन्धित तालिम प्रदायक संस्थाहरू

प्रस्तुत विषयमा यस सचिवालयको मिति २०८०/०९/२९ मा प्रकाशित वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरू तथा वैदेशिक रोजगारमा रहेका व्यक्तिका परिवारलाई सीपमूलक तालिम र उद्यमशिलता तालिम सञ्चालन (कार्यक्रमको नामः Skill Development and Entrepreneurship Development Training, RFP Number: FEB-S 2080/081 – 3.4)का लागि इच्छुक तालिम प्रदायक संस्थाहरूबाट आशयपत्र माग गरिएकोमा पर्न आएकाप्रस्तावहरुमध्ये तपसिल अनुसारको प्रस्तावहरू प्राविधिक र आर्थिक पक्षबाट सारभूत रूपमा प्रभावकारी देखिएको मुल्याङ्कन समितिबाट मिति २०८१/०२/०१ गतेको निर्णय बमोजिम बोलपत्र स्विकृतिका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८१ बमोजिम सम्बन्धित सबैलाई जानकारीका लागि सूचना प्रकाशित गरिएको छ।

तपसिल

प्याकेज नं **FEB-S 3.4.1 2080-81** विषयः **Plumber Helper**

क्रस	प्रस्तावदाताको नाम	ठेगाना
1	CEMECA Human Resource Academy P. Ltd.	Tokha, Kathmandu

प्याकेज नं **FEB-S 3.4.2 2080-81** विषयः **Junior Furniture Maker**

क्रस	प्रस्तावदाताको नाम	ठेगाना
1	Nepal Institute of Technical and Vocational Training Pvt. Ltd.	Koteshwor, Kathmandu
2	Asia Technical Training Institute Pvt. Ltd.	Pokhara, Kaski

प्याकेज नं **FEB-S 3.4.3 2080-81** विषयः **Electrician**

क्रस	प्रस्तावदाताको नाम	ठेगाना
1	CEMECA Human Resource Academy P. Ltd.	Tokha, Kathmandu
2	Training Center Nepal Pvt. Ltd	Sitapaila, Kathmandu

प्याकेज नं **FEB-S 3.4.4 2080-81** विषयः **Junior Beautician**

क्रस	प्रस्तावदाताको नाम	ठेगाना
1	World Link Technical Training Institute Private Limited	Tokha, Kathmandu

Sanfebagar Municipality
Office of the Municipal Executive
Sanfebagar, Achham
Sudurpashchim Province, Nepal

Invitation for Electronic Bids

(First date of Publication: 2081/02/04)

1. The Sanfebagar Municipality invites Open Competitive electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure.
2. The Bidders should deposit the cost of bidding document in the office's revenue accounts specified below.
Name of the Bank: Rastriya Banijya Bank, Mangalsen Branch, Achham
Account Name: sanfebagar na.pa.(ga-1-1) aantarik.
Internal revenue Account No.: 4260100301010004,
Dharauti Khata No.: 4260100303000004
3. Interested bidder shall submit the electronic bids through www.bolptra.gov.np/egp on or before 12:00 noon on 2081/03/05 and bids will be opened at 1 PM on same day. For Further information please visit PPMO website www.bolpatra.gov.np/egp

S.N.	Contract No.	Name of Project / Work	Estimated Amount (without VAT & Contingencies) NRs	Bid Security Amount (NRs.)	Fee for bid Document NRs.
1.	NCB/SM/ W/05/2080-081	Construction of Public Toilet at Airport Bazar	2070667.21	60,000.00	3000.00

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com